सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

डीनको कार्यालय

सत्रप्रणालीमा आधारित

एम. ए. नेपाली पाठ्यक्रम

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

डीनको कार्यालय, महेन्द्रनगर

सत्रप्रणालीमा आधारित

एम. ए. नेपाली पाठ्यक्रम

सत्रप्रणालीमा आधारित
एम.ए. नेपालीको पाठ्यक्रम

१. पाठ्यक्रमको उद्देश्य

(क) पाठ्यक्रमको तहगत उद्देश्य

प्रस्तुत पाठ्यकमको तहगत उद्देश्य निम्नलिखितअनुसारका उच्चस्तरीय जनशक्तिको उत्पादन गर्नु हुनेछ :

(१) नेपाली साहित्यका साथै नेपाली भाषा र लोकसाहित्यका विभिन्न पक्षको विवेचना, समीक्षा र शोधकार्य गर्न सक्ने, उच्च शिक्षासँग सम्बद्ध विभिन्न शैक्षिक संस्थामा नेपाली विषयका शिक्षकका रूपमा प्राध्यापन गर्न सक्ने,

(२) नेपाली भाषा, साहित्य र वाङ्मयसँग सम्बद्ध विभिन्न संस्थामा नेपाली विशेषज्ञका रूपमा काम गर्न सक्ने,

(३) नेपाली भाषाका साहित्यिक पत्रपत्रिका र पुस्तकको सम्पादन गर्न सक्ने,

(४) नेपाली साहित्यका विभिन्न विधामा स्तरीय सृजना गर्न सक्ने,

(५) नेपाली विषयमा दर्शनाचार्य तथा विद्यावारिधि उपाधिका निमित्त आधारभूत शैक्षिक पूर्वयोग्यता प्राप्त गर्न सक्ने ।

(ख) पाठ्यक्रमको विषयगत उद्देश्य

उपर्युक्त तहगत उद्देश्य प्राप्त गर्ने सन्दर्भमा यस पाठ्यक्रममा निर्धारित विभिन्न पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र क्षमता प्राप्त गर्न समर्थ हुनेछन् :

- नेपाली भाषा, साहित्य र लोकसाहित्यका विभिन्न पक्ष वा विधाका सम्बन्धमा उच्चस्तरीय ज्ञान प्राप्त गर्न र त्यसको प्रयोग गर्न,
- नेपाली भाषा, साहित्य र लोकसाहित्यका सैद्धान्तिक तथा ऐतिहासिक पक्षको विस्तृत ज्ञान प्राप्त गरी यसका आधारमा नेपाली भाषा, साहित्य र लोकसाहित्यको व्याख्या, विश्लेषण एवम् मूल्याङ्कन गर्न,
- शोधविधिको ज्ञानका साथै नेपाली भाषा, साहित्य र लोकसाहित्यसम्बन्धी शोधकार्य गर्न,
- नेपाली साहित्यमा प्रतिविम्बित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक जीवनका बहुमुखी छवि र मानव अन्तस्करणका सूक्ष्मतम भावको आस्वादनद्वारा स्वस्थ, सन्तुलित र उच्चतम जीवन संस्कारतर्फ अभिमुख हुन,
- नेपाली भाषा, साहित्य र लोकसाहित्यका विशेषज्ञका रूपमा समाजमा उत्तरदायित्व वहन गर्न,
- नेपाली भाषा, साहित्यमा सृजनात्मक, समालोचनात्मक तथा अनुसन्धानात्मक कार्य गर्न,
- नेपाली भाषामा प्रकाशित हुने पत्रपत्रिका र पुस्तक तथा अन्य सामग्रीहरूको सम्पादन गर्न,
- नाटक, र रङ्गकर्मबारे आधारभूत ज्ञान र सिप प्राप्त गर्न ।

२. प्रवेशयोग्यता र भर्ना

सुदूरपश्चिम विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेका व्यक्ति तोकिएको आधार र प्रवेशसम्बन्धी प्रक्रिया पूरा गरी एम. ए. तहमा भर्ना हुन सक्नेछन् ।

३. पाठ्यक्रमको सत्रगत पत्रको रूपरेखा

प्रथम सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 511	आधुनिक नेपाली कथा	क्रे. आ. ३
Nep. 512	आधुनिक नेपाली फुटकर कविता	क्रे. आ. ३
Nep. 513	लोकसाहित्यको अध्ययन	क्रे. आ. ३
Nep. 514	संस्कृत काव्यशास्त्र	क्रे. आ. ३
Nep. 515	सामान्य भाषाविज्ञान र नेपाली भाषा	क्रे. आ. ३

द्वितीय सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 521	पाश्चात्य साहित्यसिद्धान्त	क्रे. आ. ३
Nep. 522	आधुनिक नेपाली निबन्ध र नेपाली समालोचना	क्रे. आ. ३
Nep. 523	आधुनिक नेपाली उपन्यास	क्रे. आ. ३
Nep. 524	आधुनिक नेपाली नाटक र चलचित्र सिद्धान्त	क्रे. आ. ३
Nep. 525	आधुनिक नेपाली खण्डकाव्य र लामो कविता	क्रे. आ. ३

तृतीय सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 531	आधुनिक नेपाली महाकाव्य	क्रे. आ. ३
Nep. 532	पाश्चात्य साहित्यका प्रमुख वाद र समालोचना प्रणाली	क्रे. आ. ३
Nep. 533	पौरस्त्य दर्शन र संस्कृत साहित्यको अध्ययन	क्रे. आ. ३
Nep. 534	समाज भाषाविज्ञान र ऐतिहासिक भाषाविज्ञान	क्रे. आ. ३
Nep. 535	शोध तथा प्राज्ञिक लेखन	क्रे. आ. ३

चतुर्थ सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 541	सिर्जनात्मक लेखन र पाठसम्पादन	क्रे. आ. ३
Nep. 542	साहित्येतिहास सिद्धान्त र नेपाली साहित्यको इतिहास लेखन	क्रे. आ. ३
Nep. 543	ऐच्छिक विशिष्ट अध्ययन (तलका मध्ये कुनै एक)	क्रे. आ. ३
Nep. 543	-(क) भाषासाहित्य शिक्षण र शिक्षण अभ्यास	
Nep. 543	-(ख) सुदूरपश्चिमको नेपाली साहित्यको विशेष अध्ययन	
Nep. 544	शोधपत्र वा सिर्जनापत्र लेखन	क्रे. आ. ६

४. शिक्षणविधि

यस पाठ्यांशको अध्ययन–अध्यापनका क्रममा प्रयोग हुने शिक्षणविधिलाई दुई भागमा वर्गीकरण गरिएको छ । अधिकांश पाठ्यवस्तुहरू अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई साधारण शिक्षणविधिमा राखिएको छ भने कुनै निश्चित एकाइअन्तर्गतका पाठ्यवस्तु अध्यापन गर्न प्रयोग गरिने शिक्षणविधिलाई विशिष्ट शिक्षणविधिअन्तर्गत राखिएको छ ।

४.१ साधारण शिक्षणविधि

प्रत्येक एकाइमा आवश्यकतानुसार व्याख्यान, प्रश्नोत्तर, छलफल तथा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य एवम् प्रस्तुतीकरण विधिको उपयोग गरिनेछ । एकाइको प्रकृतिअनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भपुस्तक, तालिका र आरेखहरूको पनि उपयोग गरिनेछ ।

४.२ प्रायोगिक कार्यका लागि शिक्षण क्रियाकलाप विधि

ताराङ्कित (*) पाठ्यवस्तु प्रायोगिक कार्यका लागि हुनेछन् र प्रतिहप्ता एक दिन समूहकार्य, कक्षाप्रस्तुति, छलफल आदिका माध्यमबाट प्रायोगिक कार्य गरिनेछ । सत्रान्तमा प्रत्येक विषयको आवधिक पत्र तयार गर्नुपर्नेछ र सोको व्यवस्था विभागले गर्नेछ ।

५. मूल्याङ्कन प्रक्रिया

उपर्युक्त पाठ्यांशको मूल्याङ्कनप्रक्रिया आन्तरिक र सत्रान्त परीक्षा गरी दुई किसिमको हुनेछ :

५.१ आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि ४०%, अङ्कमा छुट्याइएको छ । उक्त मूल्याङ्कन कार्य सम्पन्न गर्न निर्दिष्ट आधारअन्तर्गत रही विषयशिक्षकले आन्तरिक मूल्याङ्कन गर्नेछन् :

मूल्याङ्कनका आधार	अङ्कभार
१ उपस्थिति	५ अङ्क
२.. कक्षा क्रियाकलाप	५ अङ्क
३.. कक्षा प्रस्तुति	५ अङ्क
४.. मध्यावधि परीक्षा	१० अङ्क
५.. आवधिक पत्र	१५ अङ्क

५.२ सत्रान्त परीक्षा

(क) सत्रान्त परीक्षा सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट लिइनेछ र सो परीक्षा ६० प्रतिशत अङ्कको हुनेछ ।

(ख) सत्रान्त परीक्षामा सहभागी हुनका लागि सबै आन्तरिक मूल्याङ्कन परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

(ग) सत्रान्त परीक्षामा सहभागी हुनका लागि ८० प्रतिशत उपस्थिति अनिवार्य हुनेछ ।

(घ) ३ क्रे.आ. र सोभन्दा माथिका पाठ्यांशको सत्रान्त परीक्षाको समय चार घण्टाको हुनेछ ।

(ङ) सत्रान्त परीक्षाका लागि विस्तृत उत्तरात्मक, सङ्क्षिप्त उत्तरात्मक, प्रायोगिक / बोधात्मक / सप्रसङ्ग व्याख्यात्मक तथा वस्तुगत प्रकृतिका प्रश्नहरू सोधिनेछन्

(च) विस्तृत उत्तरात्मक तथा. सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूमा वैकल्पिक प्रश्नहरू रहनेछन् भने प्रायोगिक/बोधात्मक/सप्रसङ्ग व्याख्यात्मक प्रश्नमा वैकल्पिक प्रश्नहरू रहनेछैनन् । एउटा प्रश्नको उत्तरका लागि दुईवटा, दुईवटा प्रश्नका लागि तीनवटा र तीनवटा प्रश्नका लागि पाँचवटाको अनुपातमा वैकल्पिक प्रश्नहरूको व्यवस्था हुनेछ ।

(छ) सप्रसङ्ग व्याख्याका लागि दिइने प्रश्नहरूमा स्रोतसन्दर्भ खुलाइनेछ ।

(ज) ताराङ्कित (*) पाठ्यवस्तुबाट विस्तृत उत्तरात्मक प्रश्न सोधिनेछैन ।

६. प्रश्नको प्रकृति

अन्तिम सत्रान्त परीक्षामा सोधिने प्रश्नहरू विस्तृत उत्तरात्मक, सङ्क्षिप्त उत्तरात्मक र प्रायोगिक सप्रसङ्ग व्याख्यात्मक तथा बोधात्मक प्रकृतिका हुनेछन् । सत्रान्त परीक्षाको प्रश्नको ढाँचा यसप्रकार हुनेछ :

प्रश्न	सोधिने प्रश्न	उत्तर दिनुपर्ने प्रश्न
(१) विस्तृत उत्तरात्मक	३	२
(२) सङ्क्षिप्त उत्तरात्मक	६	४
(३) सप्रसङ्ग व्याख्या	१	१
(४) बोधात्मक	१	१

(सप्रसङ्ग व्याख्यात्मक र बोधात्मक प्रश्नमा विकल्प दिइनेछैन ।)

७. श्रेणीनिर्धारण

प्रत्येक सत्रको अन्त्यमा सत्रान्त परीक्षा प्रणालीअनुसार परीक्षा लिइनेछ । प्रत्येक सत्रका निम्ति निर्धारित प्रत्येक पाठ्यांशमा न्यूनतम ५०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनुपर्नेछ र ५०% र सोभन्दा माथि अङ्क प्राप्त गर्ने परीक्षार्थीको श्रेणीनिर्धारण अक्षर प्रणालीअनुसार हुनेछ । श्रेणीनिर्धारण प्राज्ञिक परिषद्ले निर्धारण गरेअनुसार हुनेछ ।

८. विविध

(क) यो पाठ्यक्रम शैक्षिक सत्र वि. सं. २०७९ (सन् २०२२) देखि लागु हुनेछ ।

(ख) यस पाठ्यक्रमको पढाइ सत्रप्रणालीअनुसार चार सत्रमा पूरा हुनेछ ।

(ग) यस पाठ्यक्रमअन्तर्गतका चारै सत्रमा १५/१५ क्रेडिट आवर गरी जम्मा ६० क्रे. आ. को हुनेछ

(घ) यस पाठ्यक्रमअन्तर्गतका पहिलो, दोस्रो र तेस्रो सत्रका सबै पाठ्यांशहरू अनिवार्य हुनेछन् । चौथो सत्रमा अनिवार्य र ऐच्छिक गरी दुवै प्रकृतिका पाठ्यांश रहनेछन् । ऐच्छिक पाठ्यांशहरूको पढाइ विभागले निर्धारण गरेअनुसार हुनेछ । यस्ता ऐच्छिक पाठ्यांशहरू विभागद्वारा आफ्नो साधन सोतअनुसार निर्धारण गरिनेछन् ।

(ङ) चौथो सत्रमा शोधपत्र वा सृजनपत्रमध्ये कुनै एक पत्र लिनु अनिवार्य हुनेछ ।

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : आधुनिक नेपाली कथा

पाठ्यांश सङ्ख्या : Nep. 511

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : पहिलो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित नेपाली एम. ए कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा कथाको सैद्धान्तिक अध्ययनका साथै नेपाली कथाको ऐतिहासिक विकासप्रक्रिया, आधुनिक नेपाली कथाका प्रमुख स्रष्टा, तिनका प्रवृत्ति एवं कथाकृति र सुदूरपश्चिमेली कथासाहित्यसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । बी.ए. वा सो सरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम.ए कार्यक्रमअन्तर्गत यो पाठ्यक्रम तयार पारिएको हो । यसबाट नेपाली कथासाहित्यसम्बन्धी ज्ञान एवम् सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. कथाको सिद्धान्तसम्बन्धी ज्ञान प्राप्त गरी कथासिद्धान्तका आधारमा नेपाली कथाको विश्लेषण गर्न,
२. नेपाली कथाको विकासक्रम, प्रमुख मोड, धारा र मुख्य प्रवृत्तिहरूको विश्लेषण गर्न,
३. आधुनिक नेपाली कथाका प्रमुख स्रष्टाहरूका प्रवृत्तिको निरूपण गर्न,
४. आधुनिक नेपाली कथाकृतिको विधातात्त्विक विश्लेषण गर्न,
५ आधुनिक नेपाली कथाको बोध गरी विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
६. सुदूरपश्चिमका नेपाली कथाको विश्लेषण गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : कथाको सैद्धान्तिक र ऐतिहासिक अध्ययन **पाठ्यघन्टी – ११**

१.१ कथाको सैद्धान्तिक स्वरूप

(क) साहित्यिक विधा आख्यानको एक प्रकार

*(ख) कथाको परिभाषा

(ग) कथाका तत्त्व (कथानक, पात्र, परिवेश, उद्देश्य, सारवस्तु, दृष्टिबिन्दु, भाषाशैली)

*(घ) कथाको वर्गीकरण (विषयगत र तत्त्व प्रधानतागत वर्गीकरण)

१.२ आधुनिक नेपाली कथाको ऐतिहासिक अध्ययन

(क) आधुनिक नेपाली कथाको पूर्वपरम्परागत पृष्ठभूमि : प्राथमिक र माध्यमिक कालीन नेपाली कथाका धारा, प्रमुख प्रतिभा र प्रवृत्ति

(ख) आधनिक नेपाली कथाको प्रवर्तन र विकासप्रक्रिया

(अ) प्रवर्तनप्रक्रिया
(आ) विकासप्रक्रियाका चरणगत धारा र प्रवृत्ति

एकाइ दुई : यथार्थवादी धाराका नेपाली कथाको अध्ययन **पाठ्यघन्टी – १३**

२.१ कथाकार गुरुप्रसाद मैनालीका प्रवृत्ति

(क) मैनालीका निम्नलिखित कथाको अध्ययन : 'परालको आगो' र *'छिमेकी' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'परालको आगो' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

२.२ कथाकार विश्वेश्वरप्रसाद कोइरालाका प्रवृत्ति

(क) कोइरालाका निम्नलिखित कथाको अध्ययन : 'राइटर बाजे', *'पवित्रा' र *'श्वेतभैरवी' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'राइटर बाजे' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

२.३ कथाकार भवानी भिक्षुका प्रवृत्ति

(क) भिक्षुका निम्नलिखित कथाको अध्ययन : ईश्वर, खुदा र गडका कान', *'टाइपिष्ट' र *'माऊजङ्ग बाबुसाहेबको कोट' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'ईश्वर, खुदा र गडका कान' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

२.४ कथाकार गोविन्द गोठालेका प्रवृत्ति

(क) गोठालेका निम्नलिखित कथाको अध्ययन : 'भाँडो' र *'म जुजुमान' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'भाँडो' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ तीन : अस्तित्ववादी र प्रगति धाराका नेपाली कथाको अध्ययन **पाठ्यघन्टी – ९**

३.१ कथाकार इन्द्रबहादुर राईका प्रवृत्ति

(क) राईका निम्नलिखित कथाको अध्ययन : 'कठपुतलीको मन' र *'महारुदन' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) *'कठपुतलीको मन' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.२ कथाकार रमेश विकलका प्रवृत्ति

(क) विकलका निम्नलिखित कथाको अध्ययन : 'फुटपाथ मिनिस्टर्स' र *'शव, सालिक र सहस्र बुद्ध' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'फुटपाथ मिनिस्टर्स' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.३ कथाकार पारिजातका प्रवृत्ति

(क) पारिजातका निम्नलिखित कथाको अध्ययन : 'सिटीहलको बूढो ज्यामी' र *'मैले नजन्माएको छोरो' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'सिटीहलको बूढो ज्यामी' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ चार : नवचेतनावादी धाराका नेपाली कथाको अध्ययन **पाठ्यघन्टी – ९**

४.१ कथाकार मनुब्राजाकी प्रवृत्ति

(क) विकलका निम्नलिखित कथाको अध्ययन : 'गुरु, चेला र माकुराको जालो' र *'तिम्री स्वास्नी र म' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'गुरु, चेला र माकुराको जालो' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

४.२ कथाकार मोहनराज शर्माका प्रवृत्ति

(क) शर्माका निम्नलिखित कथाको अध्ययन : 'विराग' र *'पल्लो खाटकी केटी' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'विराग' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

४.३ कथाकार महेशविक्रम शाहका प्रवृत्ति

(क) शाहका निम्नलिखित कथाको अध्ययन : 'चोखाउनी' र *'किडी जियाले कर्णालीमा हाम फालिन्' कथाको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'चोखाउनी' कथाका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ पाँच : आधुनिक नेपाली कथाका सन्दर्भमा सुदूरपश्चिमका नेपाली कथाको अध्ययन पाठ्यघन्टी – ७

५.१ सुदूरपश्चिमका आधुनिक नेपाली कथाको पृष्ठभूमि र विकासप्रक्रिया

५.२ *सुदूरपश्चिमका प्रमुख आधुनिक कथाकार र तिनका कथाकृति

५.३ *आधुनिक नेपाली कथामा सुदूरपश्चिमका कथाकारको योगदान

सन्दर्भ तथा सहायक पुस्तक

ईश्वर बराल, (सम्पा.), *झ्यालबाट* (भूमिका खण्ड मात्र). साझा प्रकाशन ।
कृष्णहरि बराल, *कथासिद्धान्त. (दोस्रो संस्क.)*, एकता प्रकाशन ।
ज्ञानु अधिकारी (सम्पा.), *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* नेपाल प्रज्ञा प्रतिष्ठान ।
दयाराम श्रेष्ठ, (सम्पा.), *नेपाली कथा भाग-४*, ललितपुरःसाझा प्रकाशन ।
दयाराम श्रेष्ठ, *अभिनव कथाशास्त्र,* पालुवा प्रकाशन
दयाराम श्रेष्ठ, *नेपाली कथा र कथाकार,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
दयाराम श्रेष्ठ, *नेपाली कथाकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
दीपकप्रसाद ढकाल, *आख्यानविमर्शका आयाम,* अनुसन्धान विमर्श नेपाल ।
मोहनराज शर्मा, *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* पालुवा प्रकाशन ।

मोहनराज शर्मा, *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* (दोस्रो संस्क.), अक्सफोर्ड प्रकाशन ।

मोहनराज शर्मा, *समालोचनाका नयाँ कोण,* ओरियन्टल प्रकाशन ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* रत्न पुस्तक भण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड),* रत्न पुस्तक भण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (तेस्रो खण्ड),* रत्न पुस्तक भण्डार ।

लक्ष्मणप्रसाद गौतम, *लघुकथाको रचनाविधान,* लघुकथा समाज नेपाल ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी, *नेपाली कथाको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : आधुनिक नेपाली फुटकर कविता

पाठ्यांश सङ्ख्या : Nep. 512

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : पहिलो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

यो पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित नेपाली एम. ए कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा कविताको सैद्धान्तिक अध्ययनका साथै नेपाली कविताको ऐतिहासिक विकासप्रक्रिया, आधुनिक नेपाली कविताका प्रमुख स्रष्टा, तिनका प्रवृत्ति एवं कविताकृति र सुदूरपश्चिमेली कवितासाहित्यसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । बी.ए. वा सो सरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम.ए कार्यक्रमअन्तर्गत यो पाठ्यक्रम तयार पारिएको हो । यसबाट नेपाली कवितासाहित्यसम्बन्धी ज्ञान र सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) कवितासिद्धान्तका आधारमा नेपाली कविताको विश्लेषण गर्न,
(२) नेपाली कविताको विकासक्रम, प्रमुख मोड, धारा र मुख्य प्रवृत्तिहरूको विश्लेषण गर्न,
(३) आधुनिक नेपाली कविताका प्रमुख कविहरूका प्रवृत्तिको निरूपण गर्न,
(४) आधुनिक नेपाली कविताकृतिको विधातात्त्विक विश्लेषण गर्न,
(५) आधुनिक नेपाली कविताको पठनद्वारा तिनको बोध गरी विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या गर्न,
(६) सुदूरपश्चिमका कविताको अध्ययन र विश्लेषण गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : कविताको सैद्धान्तिक र ऐतिहासिक अध्ययन **पाठ्यघन्टी – १२**

१.१ कविताको सैद्धान्तिक स्वरूप

(क) साहित्यिक विधाका रूपमा फुटकर कविताको एक प्रकार

(ख) *कविताको परिभाषा

(ग) कविताका तत्त्व (अन्तर्वस्तु, भावात्मक विचार, उद्देश्य, उक्तिढाँचा, भाषाशैली, लय, बिम्ब, प्रतीक, अलङ्कार)

(घ) *कविताको वर्गीकरण (लघुतम/लघु, मध्यम र बृहत्/बृहत्तर रूप)

१.२ आधुनिक नेपाली कविताको ऐतिहासिक अध्ययन

(क) आधुनिक नेपाली कविताको पूर्वपरम्परागत पृष्ठभूमि : प्राथमिक र माध्यमिक कालीन नेपाली कविताका धारा, प्रमुख प्रतिभा र प्रवृत्ति

(ख) आधुनिक नेपाली कविताको प्रवर्त्तन र विकासप्रक्रिया

(अ) प्रवर्तन प्रक्रिया

(आ) विकास प्रक्रियाका चरणगत धारा र प्रवृत्ति (परिष्कारवादी, स्वच्छन्दतावादी-प्रगतिवादी, प्रयोगवादी र समसामयिक धारा)

एकाइ दुई : परिष्कारवादी नेपाली कविताको अध्ययन **पाठ्यघन्टी – १**

२.१ कवि लेखनाथ पौड्याल र उनका प्रवृत्ति

(क) पौड्यालका निम्नलिखित कविताको अध्ययन : 'पिंजराको सुगा' र *'वसन्त कोकिल' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'पिंजराको सुगा' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

२.२ कवि बालकृष्ण समका प्रवृत्ति

(क) समका निम्नलिखित कविताको अध्ययन : 'मृत्युपछिको अभिव्यञ्जन', *'मेरो नुहाउने कोठा' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'मृत्युपछिको अभिव्यञ्जन' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ तीन : स्वच्छन्दतावादी नेपाली कविताको अध्ययन **पाठ्यघन्टी – ९**

३.१ कवि लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्ति

(क) देवकोटाका निम्नलिखित कविताको अध्ययन : 'शाहजहाँको इच्छा' र *'सन्ध्या' र *'पागल', कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'शाहजहाँको इच्छा' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.२ कवि माधव घिमिरेका प्रवृत्ति

(क) घिमिरेका निम्नलिखित कविताको अध्ययन : 'दुलही हिमाल काञ्चनजङ्घा', *'काली गण्डकी', र *'गाउँछ गीत नेपाली' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'दुलही हिमाल काञ्चनजङ्घा' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ चार : प्रयोगवादी र प्रयोगवादोत्तर धाराका कविताको विश्लेषण **पाठ्यघन्टी – १३**

४.१ कवि मोहन कोइरालाका प्रवृत्ति

(क) कोइरालाका निम्नलिखित कविताको अध्ययन : 'फर्सीको जरा' र *'सारङ्गी' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'फर्सीको जरा' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

४.२ कवि वैरागी काइँलाका प्रवृत्ति

(क) काइँलाका निम्नलिखित कविताको अध्ययन : 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव' र *'पर्वत' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

४.३ कवि पारिजातका प्रवृत्ति

(क) पारिजातका निम्नलिखित कविताको अध्ययन : 'मानुषी' र *'जुठी दमिनीको अभिव्यक्ति' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'मानुषी' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

४.४ कवि मञ्जु काँचुलीका प्रवृत्ति

(क) काँचुलीका निम्नलिखित कविताको अध्ययन : 'पलकभित्र पलकबाहिर' र *'मोनालिसाको चित्र' कविताको पठनबोध र तत्त्वगत विश्लेषण

(ख) 'पलकभित्र पलकबाहिर' कविताका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ पाँच : आधुनिक नेपाली कविताका सन्दर्भमा सुदूरपश्चिमका नेपाली कविताको अध्ययन पाठ्यघन्टी – ५

५.१ सुदूरपश्चिमका आधुनिक नेपाली कविताको पृष्ठभूमि र विकासप्रक्रिया

५.२ *सुदूरपश्चिमका प्रमुख आधुनिक कवि र तिनका कविताकृति

५.३ *आधुनिक नेपाली कवितामा सुदूरपश्चिमका कविको योगदान

सन्दर्भ तथा सहायक पुस्तक

अभि सुवेदी, *रचना र माध्यम,* साझा प्रकाशन ।

अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *प्रज्ञा समकालीन नेपाली कविता विमर्श,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

ज्ञानु अधिकारी, *समकालीन नेपाली कवितामा पहिचानको स्वर,* नेपाल प्रज्ञा प्रतिष्ठान

ताराकान्त पाण्डेय, *प्रगतिवाद र कविता,* शीला योगी ।

धनकृष्ण उपाध्याय, *नेपाली कविता र काव्य,* ड्रिमल्याण्ड प्रकाशन ।

मोहनराज शर्मा, *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* (दोस्रो संस्क.), अक्सफोर्ड प्रकाशन ।

मोहनराज शर्मा, *समालोचनाका नयाँ कोण,* ओरियन्टल प्रकाशन ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), *रत्न वृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* रत्न पुस्तक भण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), *रत्न वृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड),* रत्न पुस्तक भण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), *रत्न वृहत् नेपाली समालोचना (तेस्रो खण्ड).* रत्न पुस्तक भण्डार ।

लक्ष्मणप्रसाद गौतम, *कविताको सैद्धान्तिक विमर्श.* पाठ्यसामग्री प्रकाशन ।

लक्ष्मणप्रसाद गौतम, *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* साझा प्रकाशन ।

लक्ष्मणप्रसाद गौतम, *समकालीन नेपाली कविताका प्रवृत्ति,* पैरवी प्रकाशन ।

वासुदेव त्रिपाठी, *नेपाली कविताको सिंहावलोकन* साझा प्रकाशन ।

वासुदेव त्रिपाठी र अन्य (सम्पा.), *नेपाली कविता भाग ४,* साझा प्रकाशन ।

खगेन्द्रप्रसाद लुइटेल, *कवितासिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्र प्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : लोकसाहित्यको अध्ययन

पाठ्यांश सङ्ख्या : Nep. 513

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : पहिलो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

यो पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित नेपाली एम. ए कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा लोकसाहित्यको सैद्धान्तिक अध्ययनका साथै नेपाली लोकसाहित्यका विभिन्न विधा तथा तिनका पाठको अध्ययन गरिनेछ र सुदूरपश्चिमेली लोकसाहित्यसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । बी.ए. वा सो सरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम.ए कार्यक्रमअन्तर्गत यो पाठ्यक्रम तयार पारिएको हो । यसबाट नेपाली लोकसाहित्यसम्बन्धी ज्ञान र सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) लोकसाहित्यको सिद्धान्तका आधारमा लोकसाहित्यका विभिन्न विधाको विश्लेषण गर्न,
(२) नेपाली लोकसाहित्यका पाठहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण विश्लेषण गर्न,
(३) नेपाली लोकसाहित्य र सुदूरपश्चिमका लोकसाहित्यिक अध्ययन परम्पराको विश्लेषण गर्न ।
(४) सुदूरपश्चिमका लोकसाहित्यको पहिचान र विश्लेषण गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : लोकसाहित्यको सैद्धान्तिक स्वरूप **पाठ्यघन्टी - ९**

१.१ लोकवार्ताका सन्दर्भमा लोकसाहित्य

१.२ लोकवार्ताविज्ञान र लोकसाहित्य

१.३ *लोकसाहित्य : परिभाषा र तत्त्व

१.४ लोकसाहित्यका विशेषता

१.५ लोकसाहित्यका सैद्धान्तिक र प्रायोगिक अध्ययनको महत्त्व

१.६ लोकसाहित्यका अध्ययन पद्धतिहरू : लोकसाहित्यका विधातत्त्व, लोकविश्वास, अभिप्राय, साहित्यिक तत्त्वहरू र अन्तर्विषयक अध्ययन

१.७ *लोकसाहित्यको विधागत वर्गीकरण

एकाइ दुई : नेपाली लोकगीतको अध्ययन **पाठ्यघन्टी – १०**

२.१ *लोकगीत : परिभाषा र तत्त्वहरू

२.२ लोकगीतका विशेषता

२.३ लोकगीतको वर्गीकरणका आधार (सहभागिता र प्रकार्य)

(क) *नेपाली लोकगीतको सहभागितामूलक वर्गीकरण : एकल र दोहोरी र सामूहिक

(ख) *नेपाली लोकगीतको प्रकार्यमूलक वर्गीकरण : पर्वगीत, संस्कारगीत, बाह्रमासे गीत, धार्मिक गीत, श्रमगीत

२.४ लोकगीतका पाठको अध्ययन

(क) पर्वगीत (गौरा, होरी, तिज, भैलो, भुओ)

(ख) संस्कारगीत (सगुन, फाग/मागल रत्यौली)

(ग) श्रमगीत (असारे गीत, भैनी, घाँसे गीत)

(घ) बाह्रमासे गीत (झ्याउरे, डेउडा, न्याउल्या, चुड्का, रोइला, दोहोरी)

(ङ) धार्मिक गीत (भजन, आरती)

(च) *बाल-लोकगीत (सुदूरपश्चिमेली बाल लोकगीतसमेत)

२.५ सुदूरपश्चिमका लोकगीतको अध्ययन परम्परा

एकाइ तीन : नेपाली लोककविता, लोकगाथा/लोककाव्य र लोकनाटक **पाठ्यघन्टी – ९**

३.१ नेपाली लोककविताको चिनारी

३.२ नेपाली लोकगाथा/लोककाव्यको अध्ययन

(क) *लोकगाथा/लोककाव्य : परिभाषा र तत्त्व

(ख) लोकगाथा/लोककाव्यका विशेषता

(ग) लोकगाथा/लोककाव्यको विषयवस्तुगत वर्गीकरण

(घ) नेपाली लोकगाथा/लोककाव्यका प्रकार : सवाई, कर्खा, चैत, चाँचरी, भैनी, ठुस्को, धमारी, जागर/जाग्राम र भारत

(ङ) *लोकगाथा/लोककाव्यको पाठको अध्ययन

३.३ नेपाली लोकनाटकको अध्ययन

(क) *लोकनाटकका : परिभाषा र तत्त्व

(ख) लोकनाटकका विशेषता

(ग) नेपाली लोकनाटको परिचय : सोरठी, घाँटु, बालुन, रामलीला

२.४ सुदूरपश्चिमका लोकगाथाको अध्ययन परम्परा

एकाइ चार : नेपाली लोककथा **पाठ्यघन्टी – ८**

४.१ *लोककथा : परिभाषा र तत्त्वहरू

४.२ लोककथाका विशेषता

४.३ लोककथाको विषयवस्तुगत वर्गीकरण : मिथकीय, अनुश्रुतिमूलक लोककथा, परिकथा र नीतिकथा, अतिरञ्जित कथा

४.४ नेपाली लोककथाका पाठको अध्ययन

(क) मिथकीय लोककथा (सुम्निमा र पारुहाङ)

(ख) अनुश्रुतिमूलक (विरुपाक्ष)

(ग) परिकथा (केसलडीकी बातै (सुनकेसरीको कथा)

(घ) नीतिकथा (बाबु फाल्ने डोको)

(ङ) अतिरञ्जित कथा (शिशिर वसन्तको कथा)

२.५ सुदूरपश्चिमका लोककथाको अध्ययन परम्परा

एकाइ पाँच : नेपाली उखान, गाउँखाने कथा र टुक्का **पाठ्यघन्टी – ८**

५.१ उखानको अध्ययन

(क) *उखान : परिभाषा र तत्त्वहरू

(ख) उखानका विशेषता

(ग) उखानको वर्गीकरण

(घ) सुदूरपश्चिमेली उखानको अध्ययन परम्परा

५.२ गाउँखाने कथाको अध्ययन

(क) *गाउँखाने कथा : परिभाषा र तत्त्वहरू

(ख) गाउँखाने कथाका विशेषता

(ग) गाउँखाने कथाको वर्गीकरण

(घ) सुदूरपश्चिमेली गाउँखाने कथाको अध्ययन परम्परा

५.३ टुक्काको अध्ययन

(क) *टुक्का : परिभाषा र तत्त्वहरू

(ख) टुक्काका विशेषता

(ग) *उखान र टुक्कामा अन्तर

(घ) टुक्काको वर्गीकरण

(ङ) सुदूरपश्चिमेली टुक्काको अध्ययन परम्परा

सन्दर्भ तथा सहायक पुस्तक

कपिलदेव लामिछाने, *लोकसाहित्य सिद्धान्त,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

चूडामणि बन्धु, *नेपाली लोकसाहित्य,* एकता प्रकाशन ।

जयराज पन्त, *अँजुलीभरि सगुन पोल्टाभरि फाग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जयराज पन्त, *देउडा,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

जयराज पन्त, *डोटेली गौरा पर्वका गीत र गाथाहरू,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

जयराज पन्त, *डोटेली धमारी गीत : एक अध्ययन,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

जीवेन्द्रदेव गिरी, *हाम्रा लोकगाथा,* एकता प्रकाशन ।

जीवेन्द्रदेव गिरी (सम्पा.), *नेपाली लोकवार्ता,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

तुलसी दिवस, *नेपाली लोककथाको अध्ययन*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

तेजप्रकाश श्रेष्ठ, *अछामी लोकसाहित्य,* रत्न पुस्तक भण्डार ।

दिव्येश्वरी जोशी, *डोटेली उखान : विश्लेषणात्मक अध्ययन*, पूर्णप्रकाश नेपाल यात्री अध्ययन तथा अनुसन्धान केन्द्र ।

दिव्येश्वरी जोशी, *सम्पादन सिद्धान्तका आधारमा डोटेली घरगीत,* समय साक्ष्य ।

दुर्गाबहादुर घर्ती, *लोकसाहित्यको अध्ययनपद्धति*, अनुसन्धान विमर्श नेपाल ।

देवकान्त पन्त, *डोटेली लोकसाहित्य*, त्रि.वि. नेपाल तथा एशियाली अध्ययन केन्द्र ।

धर्मराज थापा र हंसपुरे सुवेदी, *नेपाली लोकसाहित्यको विवेचना*, त्रि.वि पाठ्यक्रम विकास केन्द्र ।

पदमराज जोशी 'प्रभात', *सुदूरपश्चिमको समाज र संस्कृति*, सौँराइ प्रकाशन ।

प्रदीप रिमाल, *कर्णाली लोकसंस्कृति (खण्ड ५ : साहित्य, सङ्गीत,कला),* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बद्री शर्मा बिनाडी, *डोटेली लोककाव्य चैतको अध्ययन*, बिन्दु विनाडी ।

बद्री शर्मा बिनाडी, *लोककाव्य भारतको अध्ययन*, बिन्दु विनाडी ।

महादेव अवस्थी, *बैतडेली-डडेलधुरेली लोकबालगीत, बालसाहित्य पूर्णाङ्क १२ ।*

मोतीलाल पराजुली, *नेपाली लोकगाथा,* श्रीमती तारादेवी पराजुली ।

वासुदेव भाइसाब (सम्पा.), *खुद्यौडाका बातै,* सम्पादक स्वयं ।

वासुदेव भाइसाब, *डोटी प्रदेशको लोकवाङ्मय कोश,* साझा प्रकाशन ।

विजय चालिसे, *डोटेली लोकसंस्कृति र साहित्य*, साझा प्रकाशन

हंसपुरे सुवेदी, *नेपाली लोकजीवन र लोकविश्वास,* साझा प्रकाशन ।

हरिशचन्द्र भट्ट, *बझाङी माडल : सिद्धान्त र पाठविश्लेषण*, लेखक स्वयं ।

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्र प्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : संस्कृत काव्यशास्त्र

पाठ्यांश सङ्ख्या : Nep. 514

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : पहिलो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित नेपाली एम. ए कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा संस्कृत काव्यशास्त्रको सैद्धान्तिक अध्ययनका साथै नेपाली साहित्यका विभिन्न विधाका रचनाको संस्कृत काव्यशास्त्रीय मान्यताका आधारमा विश्लेषण गर्ने सैद्धान्तिक प्रतिमानसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । बी.ए. वा सो सरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम.ए कार्यक्रमअन्तर्गत यो पाठ्यक्रम तयार पारिएको हो । यसबाट संस्कृत काव्यशास्त्रसम्बन्धी ज्ञान र सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) संस्कृत काव्यशास्त्रको सैद्धान्तिक ज्ञान प्राप्त गरी तिनका आधारमा नेपाली साहित्यका विभिन्न विधाको विश्लेषण गर्न,
(२) संस्कृत काव्यशास्त्रीय परम्पराको अध्ययन गर्न,
(३) संस्कृत काव्यशास्त्रका विभिन्न सिद्धान्तहरूका आधारमा कृतिहरूको विवेचना गर्न,
(४) संस्कृत काव्यशास्त्रीय विभिन्न सम्प्रदाय र मान्यताका आधारमा अध्ययन अनुसन्धान गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : काव्यपरिभाषा, शब्दशक्ति, गुण र दोष **पाठ्यघन्टी – १२**

१.१ संस्कृत काव्यपरिभाषाको समीक्षा

(क) शब्दप्रधानतावादी काव्यपरिभाषा

(ख) अर्थप्रधानतावादी काव्यपरिभाषा

(ग) उभयप्रधानतावादी काव्यपरिभाषा

१.२ शब्दशक्ति

(क) शब्दकोटि : वाचक, लक्षक र व्यञ्जक

(ख) अर्थकोटि : वाच्यार्थ, लक्ष्यार्थ, व्यङ्ग्यार्थ

(ग) व्यङ्ग्यार्थ र शाब्दी तथा आर्थी व्यञ्जना

(घ) व्यङ्ग्यार्थबोध र व्यञ्जनाको स्थापना

१.३ काव्यगुण र दोषको समीक्षा

(क) काव्यगुणको स्वरूप

(ख) *काव्यगुणका प्रकार

(ग) त्रिगुणवादको स्थापना र तीन गुणको निरूपण

(घ) काव्यदोषको परिचय र वर्गीकरण

(ङ) *प्रमुख काव्यदोषको चिनारी

एकाइ दुई : रससिद्धान्त **पाठ्यघन्टी - ७**

२.१ रससम्बन्धी चिन्तनपरम्परा

(क) *रसको परिभाषा र रसस्वरूप

(ख) रसनिष्पत्तिसम्बन्धी मतमतान्तर र अभिव्यक्तिवादको प्रतिष्ठापन

(ग) साधारणीकरण र रसास्वादको स्वरूप

(घ) *रसको मनोवैज्ञानिक स्थिति

एकाइ तीन : अलङ्कारसिद्धान्त र रीतिसिद्धान्त **पाठ्यघन्टी - ९**

३.१ अलङ्कारसिद्धान्तको समीक्षा

(क) संस्कृत काव्यशास्त्रमा अलङ्कार चिन्तनपरम्परा

(ख) अलङ्कारको परिभाषा र स्वरूप

(ग) अलङ्कारको वर्गीकृत चिनारी

(अ) *शब्दालङ्कार र त्यसका प्रकार

(आ) *अर्थालङ्कार र त्यसका प्रकार

(घ) रुय्यकसम्मत अर्थालङ्कारको वर्गीकरण

३.२ रीतिसिद्धान्तको समीक्षा

(क) *रीतिसिद्धान्तको प्रवर्तन र विकास

(ख) *रीतिको परिभाषा

(ग) रीतिका प्रकार

(घ) रीति र गुणको सम्बन्ध

(ङ) *रीति र मार्ग तथा रीति र शैलीको चिनारी

एकाइ चार : ध्वनिसिद्धान्त **पाठ्यघन्टी – १०**

४.१ *ध्वनिसिद्धान्तको स्थापना र परम्परा

४.२ *ध्वनिको परिभाषा

४.३ ध्वनिका प्रमुख भेद

४.४ *वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनिको चिनारी

४.५ काव्यका उत्तम, मध्यम र अधम श्रेणी

४.६ *ध्वनि र रसको सम्बन्ध

एकाइ पाँच : वक्रोक्तिसिद्धान्त **पाठ्यघन्टी – ९**

५.१ वक्रोक्तिसिद्धान्तको प्रवर्तन र विकास

५.२ *वक्रोक्तिको परिभाषा

५.३ वक्रोक्तिका प्रकार (वर्णगत, पदगत, वाक्यगत, प्रकरणगत, प्रबन्धगत वक्रता)

५.४ वर्णवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रताको चिनारी

५.५ *वक्रोक्ति र अलङ्कार तथा वक्रोक्ति र ध्वनिको तुलना

सहायक तथा सन्दर्भ पुस्तक

केशवप्रसाद उपाध्याय, *पूर्वीय साहित्यसिद्धान्त,* साझा प्रकाशन ।

गोविन्दप्रसाद भट्टराई, *पूर्वीय काव्यसिद्धान्त,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गोविन्दप्रसाद भट्टराई (अनु.), *भरतमुनिको नाट्यशास्त्र,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

नारायणप्रसाद गड्तौला, *रस र ध्वनिसिद्धान्त,* प्रगति पुस्तक भण्डार ।

भरतराज पन्त, *अलङ्कार परिचय,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

यादवप्रसाद शर्मा, *संस्कृत काव्यसिद्धान्त,* सुन्दर स्वदेश प्रकाशन ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक),* रत्न पुस्तकभण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक),* रत्न पुस्तक भण्डार ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (तेस्रो खण्ड),* रत्न पुस्तक भण्डार ।

विष्णुप्रसाद पौडेल, *संस्कृत काव्यशास्त्र,* भुँडीपुराण प्रकाशन ।

सोमनाथ शर्मा सिग्द्याल, *साहित्य प्रदीप,* विद्यार्थी पुस्तक भण्डार ।

०००

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : सामान्य भाषाविज्ञान

पाठ्यांश सङ्ख्या : Nep. 515

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : पहिलो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

यो पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित नेपाली एम. ए कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा भाषा तथा भाषाविज्ञानको सैद्धान्तिक अध्ययनका साथै सामान्य भाषाविज्ञानअन्तर्गतका ध्वनि, वर्ण, रूप, वाक्य र अर्थविज्ञानको सैद्धान्तिक अध्ययन तथा तिनका प्रयोगविधि पक्षसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । बी.ए. वा सो सरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम.ए कार्यक्रमअन्तर्गत यो पाठ्यक्रम तयार पारिएको हो । यसबाट सामान्य भाषाविज्ञानसम्बन्धी ज्ञान तथा सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको अन्तमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) भाषा र भाषाविज्ञानको सैद्धान्तिक ज्ञान प्राप्त गरी भाषाको अध्ययन गर्न,
(२) ध्वनिविज्ञानको परिचयका साथै त्यसका प्रकारका आधारमा नेपाली ध्वनिको अध्ययन गर्न,
(३) वर्णविज्ञानको परिचयका साथै त्यसका प्रकारका आधारमा नेपाली वर्णको अध्ययन गर्न,
(४) रूपविज्ञानको परिचयका साथै त्यसका प्रकारका आधारमा रूपतत्त्वको अध्ययन गर्न,
(५) वाक्यविज्ञानको परिचयका साथै त्यसका प्रकारका आधारमा नेपाली वाक्यतत्त्वको अध्ययन गर्न,
(६) अर्थविज्ञानको परिचयका साथै त्यसका प्रकारका आधारमा अर्थतत्त्वको अध्ययन गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : भाषा र भाषाविज्ञानको परिचय **पाठ्यघन्टी – ८**

१.१ भाषाको परिचय र *भाषाका विशेषता

१.२ भाषाको वैज्ञानिक अध्ययनका रूपमा भाषाविज्ञानको परिचय

१.३ *भाषाविज्ञानका क्षेत्र र शाखा

१.४ भाषिक अध्ययनपद्धति

एकाइ दुई : ध्वनिविज्ञान र वर्णविज्ञान **पाठघन्टी – १०**

२.१ ध्वनिविज्ञानको परिचय र यसका शाखाहरू (औच्चारिक, साञ्चारिक र श्रावणिक ध्वनिविज्ञान)

२.२ भाषिक ध्वनिको परिचय, उत्पादन प्रक्रिया र ध्वनिअवयव (चित्रसमेत) र तिनका कार्य

२.३ *ध्वनिको वर्गीकरण

२.४ *अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमालाको परिचय

२.५ *मानस्वरको परिचय : प्रधान र गौण मानस्वर

२.६ वर्णविज्ञानको परिचय

(क) ध्वनिविज्ञान र वर्णविज्ञान

(ख) वर्णसिद्धान्त र वर्णविश्लेषण प्रक्रिया

(ग) वर्ण, संवर्ण र लघुतम युग्म

(घ) खण्डीय र खण्डेतर वर्ण

(ङ) *नेपाली भाषाका वर्णहरूको पहिचान र वर्गीकरण

(च) *विभेदक अभिलक्षणका आधारमा नेपाली वर्णहरूको पहिचान

एकाइ तीन : रूपविज्ञान **पाठ्यघन्टी – १०**

३.१ रूपविज्ञानको परिचय

३.२ रूपविश्लेषणका सिद्धान्त, प्रक्रिया र पद्धति

३.३ रूपायनका प्रक्रिया : रूपायन कोटिहरू र रूपसरणि

३.५ *व्युत्पादन प्रक्रिया

(क) उपसर्ग, मध्यसर्ग र परसर्ग प्रक्रिया

(ख) वर्गपरिवर्तक र वर्ग अपरिवर्तक व्युत्पादन

३.६ शब्दवर्ग : शब्दहरूको कार्यमूलक वर्ग तथा उपवर्ग

३.८ *रूपायन प्रक्रिया र व्युत्पादन प्रक्रियामा भिन्नता

३.९ *समास, द्वित्व र अन्य प्रक्रिया

३.१० सन्धिविज्ञान : रूपध्वन्यात्मक प्रक्रिया

३.११ रूपध्वन्यात्मक परिवर्तनका नियमहरू

एकाइ चार : वाक्यविज्ञान **पाठ्यघन्टी – १५**

४.१ वाक्यविज्ञानको परिचय

४.२ रूपविज्ञान र वाक्यविज्ञानको सम्बन्ध

४.३ *रूप, पद, पदावली, उपवाक्य, वाक्यको श्रेणीगत परिचय

४.४ सङ्गति र शासन तथा पदक्रम

४.५ समतलीय संरचना र तहगत संरचना

४.६ अवशेष र सञ्चलन

४.७ व्याकरणात्मक प्रकार्य (उद्देश्य, विधेय, कर्म, पूरक)

४.८ पदावलीको शीर्ष र विशेषक (स्पेसिफायर)

४.९ पदावलीका मूल प्रतिबन्धन (कन्स्ट्रेन्ट)

४.१० आश्रयक (कम्प्लिमेन्टराइजर) को परिचय

४.११ *निकटघटक विश्लेषण

४.१२ *अन्तःकेन्द्रिक र बहिःकेन्द्रिक संरचना

४.१३ चम्स्कीको रूपान्तरण व्याकरणको परिचय र आधारभूत मान्यता

४.१४ रूपान्तरणनियम (अनिवार्य तथा ऐच्छिक)

४.१५ *रूपान्तरणप्रक्रिया (अकरण, विध्यर्थक, सम्भावनार्थक तथा वाक्यान्तरणात्मक)

४.१६ *नेपालीका आधारभूत, सरल, संयुक्त र सन्निविष्ट वाक्यहरू

एकाइ पाँच : अर्थविज्ञान **पाठ्यघन्टी – ५**

५.१ अर्थविज्ञानको परिचय र यसको क्षेत्र

५.२ *अर्थका प्रकार : व्याकरणात्मक, कोशीय, सन्दर्भपरक, साहचर्यात्मक, धारणात्मक

५.२ व्याकरणात्मक अर्थ र कोशीय अर्थमा भेद

५.३ *सङ्केत त्रिकोण

५.४ *संरचनात्मक अर्थविज्ञान र अर्थसम्बन्धहरू : पर्यायवाची, अनेकार्थी, विपरीतार्थी, समावेशी-असमावेशी, समध्वन्यात्मक र समरूपात्मक

५.५ सन्निधानसिद्धान्त

५.६ सङ्घटकात्मक विश्लेषण

सहायक तथा सन्दर्भ पुस्तक

देवीप्रसाद गौतम, *नेपाली रूपान्तरण व्याकरण,* चिरञ्जीवी घिमिरे ।

देवीप्रसाद गौतम, *नेपाली भाषा परिचय,* साझा प्रकाशन ।

देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, *सामान्य भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

देवीप्रसाद गौतम र प्रेम्रप्रसाद चौलागाइँ, *भाषाविज्ञान,* पाठ्यसामग्री ।

टङ्कप्रसाद न्यौपाने, *भाषाविज्ञान*को रूपरेखा, नेपाल बुक डिपो ।

माधवप्रसाद पोखरेल, *नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनिपरिचय,* भुँडीपुराण प्रकाशन ।

माधवप्रसाद पोखरेल, *नेपाली वाक्यव्याकरण,* एकता बुक्स ।

चूडामणि बन्धु, *भाषाविज्ञान,* साझा प्रकाशन ।

योगेन्द्रप्रसाद यादव, र भीमनारायण रेग्मी, *भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।
हरिशचन्द्र भट्ट, *सामान्य भाषाविज्ञानको परिचय,* वागेश्वरी भट्ट ।

विष्णुबहादुर कठायत, *भाषाविज्ञान,* कठायत पुस्तक पसल ।

०००

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : पाश्चात्य साहित्यसिद्धान्त

पाठ्यांश सङ्ख्या : Nep. 521

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : दोस्रो **प्रति पाठ्यघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश पाश्चात्य साहित्यसिद्धान्तका विभिन्न युग र धाराका निर्धारित काव्यशास्त्रीहरू र तिनका मान्यता तथा तिनको प्रयोगसम्बन्धी कार्यको अभ्यासमा केन्द्रित छ । बि.ए. वा सोसरह उत्तीर्ण गरेर नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूमा पाश्चात्य साहित्य-सिद्धान्तसम्बन्धी ज्ञान एवं सुझको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांश पढिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) पाश्चात्य समालोचनाका प्रमुख युग, धारा र प्रवृत्तिहरूको जानकारी दिन,
(२) साहित्यसिद्धान्त र समालोचनापद्धतिका प्रमुख केन्द्रकहरूका बारेमा बताउन,
(३) पाश्चात्य साहित्यचिन्तनका प्रमुख मान्यताहरूको परिचय दिन,
(४) उपर्युक्त ज्ञानका आधारमा साहित्य तत्त्वको पहिचान गरी कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने ज्ञान र सीप प्राप्त गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्य विषय

एकाइ एक : पाश्चात्य काव्यशास्त्रका प्रमुख युग र धाराहरू **पाठघण्टा – १०**

१.१ प्रादेशिक र ऐतिहासिक सन्दर्भ

(क) पाश्चात्य सभ्यताको विकासका चरणहरू : प्राचीन ग्रिस र रोम, मध्यकालीन युरोप, आधुनिक युरोप र युरोपेली सभ्यताको प्रसार,

(ख) पुनर्जागरण र औपनिवेशिक युग तथा औद्योगिक क्रान्ति,

१.२ पाश्चात्य साहित्यशास्त्र तथा समालोचनापद्धतिको विकासप्रक्रियाका प्रमुख युग र धाराहरू : परिष्कारवाददेखि उत्तरआधुनिकतावादसम्म,

१.३ पाश्चात्य साहित्यशास्त्रका सौन्दर्यशास्त्र र कलासम्बन्धी प्रमुख मान्यता ।

एकाइ दुई : समालोचनाका स्वरूप, विधि र प्रकार्य **पाठघण्टा – ८**

२.१ सैद्धान्तिक स्वरूप : सिद्धान्त, वाद र प्रणाली

२.२ *प्रायोगिक वा व्यावहारिक स्वरूप : प्रभावपरक, वस्तुपरक, शोधपरक, वर्णनात्मक र व्याख्याविश्लेषणात्मक, निर्णयात्मक, तुलनात्मक

२.३ साहित्यसिद्धान्त र समालोचनापद्धतिका प्रमुख केन्द्रक :

(क) विश्वप्रकृति (जीवनजगत्केन्द्री अध्ययन)

(ख) *स्रष्टा (सर्जक केन्द्रित वा जीवनी - व्यक्तित्वपरक अध्ययन)

(ग) *सृजना (पाठ वा कृतिकेन्द्रित अध्ययन)

(घ) *भावक (पाठककेन्द्री अध्ययन)

एकाइ तीन : एरिस्टोटल, कलरिज र क्रोचेका साहित्यिक मान्यता **पाठघण्टा – १४**

३.१ एरिस्टोटल र उनका साहित्यिक मान्यता

(क) अनुकरण सिद्धान्त : पृष्ठभूमि, परिचय र प्रमुख मान्यता

(ख) विरेचन सिद्धान्त : पृष्ठभूमि, परिचय र प्रमुख मान्यता

३.२ कलरिज र उनका साहित्यिक मान्यता

(क) कल्पनासिद्धान्त : पृष्ठभूमि, परिचय र प्रमुख मान्यता

३.३ बेनेडेट्टो क्रोचे र उनका साहित्यिक मान्यता

(क) *अभिव्यञ्जनावाद : पृष्ठभूमि, परिचय र प्रमुख मान्यता

(ख) सहजानुभूति र तार्किक ज्ञानको परिचय

एकाइ चार : टी.एस. इलिअट र आई.ए. रिचर्डसका साहित्यिक मान्यता **पाठघण्टा – ८**

४.१ टी.एस. इलिअट र उनका साहित्यिक मान्यता

(क) परम्परा र व्यक्तिप्रतिभा : परिचय र प्रमुख मान्यता

(ख) निर्वैयक्तिकता : परिचय र प्रमुख मान्यता

४.२ आई.ए. रिचर्ड्स र उनका साहित्यिक मान्यता

(क) मूल्यसिद्धान्त : परिचय र मान्यता

(ख) सम्प्रेषण सिद्धान्त : परिचय र मान्यता

एकाइ पाँच : रेने वेलेक र अस्टिन वारेनका साहित्यिक मान्यता **पाठघण्टा – ८**

५.१ साहित्यिक अध्ययनका अन्तरङ्ग पद्धति

५.२ साहित्यको शोधपद्धति

५.३ *तुलनात्मक समालोचनापद्धति

५.४ नेपाली साहित्यमा उपर्युक्त पद्धतिहरूको प्रायोगिक अभ्यास

सन्दर्भ तथा सहायक पुस्तक

अभि सुवेदी, *पाश्चात्य काव्यसिद्धान्त,* साझा प्रकाशन ।

इन्द्रविलास अधिकारी, *पश्चिमी साहित्यसिद्धान्त,* साझा प्रकाशन ।

गुमानसिंह चामलिङ, *एरिस्टोटल र उनको काव्यशास्त्र,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

खगेन्द्रप्रसाद लुइटेल, *पाश्चात्य साहित्यसिद्धान्त*, विद्यार्थी पुस्तक भण्डार ।

वासुदेव त्रिपाठी, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १ र २)*, साझा प्रकाशन ।

वासुदेव त्रिपाठी, *साहित्यसिद्धान्त : शोध तथा सृजनाविधि*, पाठ्यसामग्री प्रकाशन ।

ज्ञानु अधिकारी, *पाश्चात्य साहित्य : इतिहास, प्रतिभा र प्रवृत्ति*, दीक्षान्त पुस्तक भण्डार ।

रामप्रसाद ज्ञवाली, *पाश्चात्य साहित्यसिद्धान्तको सरल व्याख्या*, ऐरावती प्रकाशन ।

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (भाग १, २ र ३)*, रत्नपुस्तक भण्डार

विश्व साहित्यको रूपरेखा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Robert Barnard, *A Short Story of English Literature*. Black Well Publication.

The World Book Encyclopedia. World Book Encyclopedia.

M.A.R. Habib, *A History of Literary Criticism and Theory: From Plato to the Prisent*. Black Well Publication.

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : आधुनिक नेपाली निबन्ध र नेपाली समालोचना

पाठ्यांश सङ्ख्या : Nep. 522

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : दोस्रो **प्रति पाठघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित एम.ए. तहको दोस्रो सत्रमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूमा निबन्धसिद्धान्त, आधुनिक नेपाली निबन्धको विकासप्रक्रिया तथा प्रमुख नेपाली निबन्धकार र तिनका निर्धारित कृतिहरूको अध्ययनका साथै नेपाली समालोचनाको प्रवर्तन र विकास, विकासक्रम तथा यसका प्रचलित धारागत पद्धतिको अध्ययन एवम् तत्त्वसम्बन्धी प्रायोगिक कार्यको अभ्यास गर्ने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) निबन्धको विधागत सैद्धान्तिक परिचय दिन,
(२) नियात्रा, आत्मकथा, संस्मरण, हास्यव्यङ्ग्य, निवार्ता, पत्रसाहित्य एवम् दैनिकीका सैद्धान्तिक स्वरूप र संरचनाबारे जानकारी दिन,
(३) आधुनिक नेपाली निबन्धका प्रमुख स्रष्टाको परिचय, प्रवृत्ति र योगदानको विश्लेषण गर्न सक्ने क्षमताको विकास गर्न,
(४) आधुनिक नेपाली निबन्धका निर्धारित कृतिको आस्वादनका साथै तिनको विश्लेषण तथा मूल्याङ्कन गर्न सक्षम तुल्याउन,
(५) नेपाली समालोचनाका प्रवर्तन र विकासक्रम र धारागत पद्धतिबारे व्याख्या गर्न,
(६) नेपाली समालोचनाका विविध धारागत पद्धतिका आधारमा समालोचना लेख्ने सीपको विकास गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्य विषय

एकाइ एक : निबन्धको विधागत सैद्धान्तिक स्वरूप **पाठघण्टा – ६**

१.१ निबन्धको विधागत स्वरूप

१.२ *निबन्धको परिभाषा

१.३ निबन्धका तत्त्वहरू

१.४ *निबन्धका प्रकार

एकाइ दुई : आधुनिक नेपाली निबन्धको विकासक्रम र उपलब्धि **पाठघण्टा – १०**

२.१ आधुनिक नेपाली निबन्धको पृष्ठभूमि र प्रवर्तन

२.२ आधुनिक नेपाली विकासका विभिन्न चरण तथा मोड र तिनका प्रमुख प्रवृत्ति एवम् उपलब्धिहरूको मूल्याङ्कन

२.३ *सुदूरपश्चिममा नेपाली निबन्धको सृजनपरम्पराका उपलब्धि

एकाइ तीन : आधुनिक नेपाली निबन्धका प्रमुख स्रष्टा र तिनका निर्धारित निबन्धको अध्ययन **घण्टा – १६**

३.१ निबन्धकार लक्ष्मीप्रसाद देवकोटा : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'कल्पना' निबन्धको विवेचना

(ख) 'कला र जीवन' निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.२ निबन्धकार शङ्कर लामिछाने : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'एब्स्ट्र्याक्ट चिन्तन-प्याज' निबन्धको विवेचना

(ख) 'खै बुझिँदैन' का विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.३ हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'असनको डबली' निबन्धको विवेचना

(ख) 'असनको डबली' निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.४ निबन्धकार दुर्गाप्रसाद भण्डारी : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'रोम जलिरहेछ, नीरो बाँसुरी बजाइरहेछ' निबन्धको विवेचना

(क) 'रोम जलिरहेछ, नीरो बाँसुरी बजाइरहेछ' निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.५ नियात्राकार तारानाथ शर्मा : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'घनघस्याको उकालो' निबन्धको विवेचना

(ख) 'घनघस्याको उकालो' निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

३.६ निबन्धकार शारदा शर्मा : निबन्धयात्रा र मुख्य प्रवृत्ति

(क) 'अर्थविन्यास' निबन्धको विवेचना

(ख) 'अर्थविन्यास' निबन्धका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या

एकाइ चार : आधुनिक नेपाली समालोचनाको पृष्ठभूमि र परम्परा **पाठघण्टा – ८**

४.१ आधुनिक नेपाली समालोचनाको पृष्ठभूमि

४.२ आधुनिक नेपाली समालोचनाको प्रवर्तन (सूर्यविक्रम ज्ञवाली र रामकृष्ण शर्माका समालोचना)

४.३ आधुनिक नेपाली समालोचनाको विकासप्रक्रियाका चरणहरू

४.४ *सुदूरपश्चिममा आधुनिक नेपाली समालोचनाको प्रवर्तन र विकास

एकाइ पाँच : आधुनिक नेपाली समालोचना परम्परा, प्रयोग र प्रमुख प्रवृत्ति **पाठघण्टा – ८**

५.१ सैद्धान्तिक समालोचना : परम्परा र प्रमुख प्रवृत्ति

५.२ जीवनीपरक समालोचना : परम्परा र प्रवृत्ति

५.३ प्रगतिवादी समालोचना : परम्परा र प्रमुख प्रवृत्ति

५.४ विधापरक समालोचना : परम्परा र प्रमुख प्रवृत्ति

५.५ मनोविज्ञानपरक समालोचना : परम्परा र प्रमुख प्रवृत्ति

५.६ *शैलीवैज्ञानिक समालोचना : परम्परा र प्रमुख प्रवृत्ति

५.७ उत्तरआधुनिक समालोचना : प्रयोग र प्रमुख प्रवृत्ति

५.८ नारीवादी समालोचना : प्रयोग र प्रमुख प्रवृत्ति

सहायक/सन्दर्भ पुस्तक

आधुनिक नेपाली निबन्धका लागि

ईश्वर बराल (सम्पा.), *सयपत्री*, साझा प्रकाशन ।

खगेन्द्रप्रसाद लुइटेल, *नेपाली निबन्ध समालोचना*, पैरवी प्रकाशन ।

ज्ञानु अधिकारी, *आधुनिक नेपाली निबन्धका प्रवृत्ति*, नेपाल प्रज्ञा प्रतिष्ठान ।

तारानाथ शर्मा, (सम्पा.), *पच्चीस वर्षका नेपाली निबन्ध,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

प्रमोद प्रधान, *नेपाली निबन्धको इतिहास*, रत्न पुस्तक भण्डार ।

प्रमोद प्रधान, नेपाली निबन्धको इतिहास, *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास,* (पाँचौं ठेली), (सम्पा.), माधवप्रसाद पोखरेल, जगदम्बा प्रकाशन ।

भरतकुमार भट्टराई, *हास्यव्यङ्ग्य सिद्धान्त*, श्रीमती रमा भट्टराई ।

राजेन्द्र सुवेदी (सम्पा.), *स्नातकोत्तर नेपाली निबन्ध*, पाठ्यसामग्री प्रकाशन ।

रामनाथ ओझा, *शङ्कर लामिछानेको निबन्धकारिता*, पालुवा प्रकाशन ।

रामनाथ ओझा, *व्यङ्ग्य सिद्धान्त, परम्परा र प्रवृत्ति*, वाङ्मय प्रकाशन गृह ।

रामलाल अधिकारी, *नेपाली निबन्धयात्रा*, नेपाली साहित्य सञ्चयिका ।

श्रीओम श्रेष्ठ रोदन (सम्पा.), *समकालीन नेपाली निबन्ध*, भुँडीपुराण प्रकाशन ।

नेपाली समालोचनाका लागि

ऋषिराज बराल, *मार्क्सवाद र उत्तरआधुनिकतावाद*, साझा प्रकाशन ।

कृष्ण गौतम, *आधुनिक आलोचना : अनेक रूप अनेक पठन*, साझा प्रकाशन ।

कृष्ण गौतम, *उत्तरआधुनिक संवाद*, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

कृष्ण गौतम, *उत्तरआधुनिक जिज्ञासा*, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

कृष्णप्रकाश श्रेष्ठ, *नेपाली समालोचक र समालोचना*, तन्नेरी प्रकाशन ।

कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), *साझा समालोचना*, साझा प्रकाशन ।

केशवराज पोखरेल, *नेपाली समालोचना र प्रतिनिधि समालोचक*, प्रज्ञा प्रकाशन ।

गोविन्दराज भट्टराई, *उत्तरआधुनिक विमर्श*, साझा प्रकाशन ।

घनश्याम नेपाल, *शैलीविज्ञान*, एकता प्रकाशन ।

चैतन्य, *समीक्षा र सौन्दर्य*, पाठ्यसामग्री प्रकाशन ।

ज्ञानु अधिकारी, 'नेपाली समालोचनाको इतिहास', *जगदम्बा नेपाली साहित्यको इतिहास,* (पाँचौं ठेली) (सम्पा.), माधवप्रसाद पोखरेल, जगदम्बा प्रकाशन ।

देवीप्रसाद गौतम, *प्रगतिवाद : परम्परा र मान्यता*, श्रीमती मुना गौतम ।

ताराकान्त पाण्डे, *अर्थको आनन्द*, विवेक सृजनशील ।

नरेन्द्र चापागाई (सम्पा.), *पूर्वाञ्चल समालोचना सङ्ग्रह*, पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

नरेन्द्रराज प्रसाई, *नेपाली साहित्यका प्रमुख समालोचक*, एकता प्रकाशन ।

निनु चापागाई, *मार्क्सवादी चिन्तनमा सौन्दर्य*, साझा प्रकाशन ।

नेत्र एटम, *अन्तर्विषयक समालोचना*, एकता प्रकाशन ।

पुरुषोत्तम सुवेदी, *सङ्क्रमण कालीन साहित्य र समालोचना*, साझा प्रकाशन ।

मोहनराज शर्मा, *शैलीविज्ञान*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

फणीन्द्र नेपाल, *रामकृष्ण शर्माको अधीति र अभिवीक्षा*, पूर्वार्द्ध प्रकाशन ।

Kothari, C.R., Research Methodology: Methods and Techniques (2nd Ed.), New Age International.

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : साहित्येतिहास सिद्धान्त र नेपाली साहित्यको इतिहासलेखन

पाठ्यांश सङ्ख्या : Nep. 542

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : तेस्रो **प्रति पाठघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित एम.ए. तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश साहित्येतिहास सिद्धान्त, प्रमुख मान्यता, पद्धति र परम्पराको ज्ञानका साथै नेपाली साहित्यको इतिहासलेखन र तत्सम्बन्धी प्रायोगिक अभ्यास कार्यसँग सम्बद्ध छ । यस पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीहरूमा साहित्येतिहाससम्बन्धी ज्ञान प्राप्त गरी नेपाली साहित्यको इतिहास लेखनसम्बन्धी सुझ र सिपको विकास हुने अपेक्षा गरिएको छ ।

२. साधारण उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(१) नेपाली साहित्यको इतिहासलेखनका स्रोत र आधारहरूको ज्ञान दिन,
(२) नेपाली साहित्यको इतिहाससँग सम्बद्ध कालविभाजन र प्रमुख कालखण्डको निर्धारणका सम्भाव्य आधारहरूसम्बन्धी जानकारी दिन,
(३) इतिहासदर्शनका पृष्ठभूमिमा साहित्येतिहास सिद्धान्तका प्रमुख मान्यता (पौरस्त्य तथा पाश्चात्य) र पद्धतिको परिचय दिन,
(४) साहित्येतिहासको परम्परासँग परिचित भई नेपालीका विधागत र समग्र साहित्येतिसहासम्बन्धी ज्ञान प्राप्त गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्य विषय

एकाइ एक : इतिहासदर्शनको परिचय **पाठघण्टा – १०**

१.१ इतिहासको अर्थ र स्वरूपसम्बन्धी पूर्वीय मान्यता (महाभारत र पुराणका इतिहाससम्बन्धी धारणा)

१.२ इतिहाससम्बन्धी पाश्चात्य चिन्तन तथा विभिन्न सम्प्रदाय र पद्धति *(हिरोदोतस, कान्ट, भिको, हर्बर्ट स्पेन्सर, डार्विन, हेगेल, मार्क्स, क्रोचे, नित्से, टोयनबी, फाउकल्ट, पर्किन आदिका दृष्टिकोण र नवइतिहासवाद)

१.३ इतिहासका अखण्ड र खण्डरूप, इतिहासका पक्षहरू *(सामाजिक, राजनैतिक, वैचारिक, दार्शनिक, आर्थिक, धार्मिक र सांस्कृतिक, कलात्मक, साहित्यिक, वैज्ञानिक, प्राविधिक)

एकाइ दुई : साहित्यको इतिहासलेखनका मान्यता तथा पद्धति **पाठघण्टा – १०**

२.१ साहित्यको इतिहाससिद्धान्तका प्रमुख पाश्चात्य मान्यता, पद्धति र प्रायोगिक रूप : पाश्चात्य इतिहासपरक र इतिहासनिरपेक्ष साहित्यसिद्धान्त र समालोचनाविधि तथा साहित्यको इतिहासलेखनमा तिनको प्रभाव

२.२ इतिहासवाद र त्यसको प्रभावका सन्दर्भमा हेगेलको युगचेतना

२.३ प्राकृतिक विज्ञान र सामाजिक शास्त्रसँग साहित्येतिहासको सम्बन्ध, संस्थापना र युरोपेली प्रयोगहरू

२.४ साइमन्ड र सेन्टव्युभका जीवविज्ञानवादी मान्यता र जीवनीपरकता

२.५ *टेनका जाति, क्षण र युगसम्बन्धी मान्यता

२.६ *म्याथ्यू अर्नोल्ड, इडमन्ड र क्याजामियाका साहित्येतिहासिका अवधारणा, बहिरङ्ग र अन्तरङ्ग अध्ययन पद्धति तथा तिनका शक्ति तथा सीमा

एकाइ तीन : साहित्येतिहास लेखनका मार्क्सवादी, संरचनावादी र उत्तरसंरचनावादी मान्यता **पाठघण्टा – १०**

३.१ साहित्यको इतिहास लेखनसम्बन्धी मार्क्सवादी मान्यता

३.२ आधुनिकतावाद, नवसमालोचना र रुसी रूपवादका इतिहासनिरपेक्ष साहित्य मान्यता

३.३ *चेक संरचनावादका कृतिपरक, स्रष्टापरक र साहित्येतिहासपरक समालोचनाका मान्यता

३.४ *फ्रान्सेली संरचनावाद र उत्तरसंरचनावाद (विसंरचनावाद) तथा उत्तरआधुनिकतावादी साहित्येतिहाससम्बन्धी मान्यता

३.५ नवइतिहासवाद र इतिहास लेखनधाराका उपलब्धि

एकाइ चार : नेपाली साहित्यको इतिहासलेखनका स्रोत र आधार **पाठघण्टा – ८**

४.१ नेपाली साहित्यको इतिहाससम्बन्धी विविध सान्दर्भिक पक्षहरू *(नेपाल, नेपाली जाति र समाज तथा संस्कृति, नेपाली भाषा र लोकसाहित्यको सन्दर्भ)

(क) ऐतिहासिक, भौगोलिक एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक र सांस्कृतिक, समूह मनोवैज्ञानिक, वैचारिक, दार्शनिक, वैज्ञानिक/प्राविधिक पक्षहरू र विश्वसाहित्यबाट प्राप्त अन्तर्राष्ट्रिय प्रेरणा र प्रभावका सन्दर्भहरू

४.२ नेपाली साहित्येतिहाससँग सम्बद्ध आन्दोलन र अभियान, प्राज्ञिक शैक्षिक र जनस्तरका आधारभूत संस्था र तिनका साहित्यसम्बन्धी मूलभूत क्रियाकलापहरू, नेपाली साहित्यको सञ्चार-प्रणाली र विविध पाठ्य, श्रव्यदृश्य सञ्चारमाध्यम, प्रमुख साहित्यिक प्रकाशन संस्था र पत्रिकाहरू)

एकाइ पाँच : नेपाली साहित्यको इतिहास : कालविभाजन र प्रमुख कालखण्ड निर्धारणका आधार

पाठघण्टा – १०

५.१ नेपाली साहित्यको इतिहास : अद्यावधिक प्रमुख ग्रन्थ र तिनका स्वरूप, विशेषता एवं उपलब्धि तथा सीमा

५.२ नेपाली साहित्यको कालविभाजन : प्रमुख मत तथा तिनका आधार र दृष्टिकोण एवं मुख्य स्थापना र तिनका शक्ति एवं सीमा

५.३ नेपाली साहित्यका कालविभाजनका आधार : प्रमुख कालखण्ड (युग/उपयुग) को निर्धारण, आधुनिकतावाद र त्यसको नेपाली सन्दर्भ

५.४ नेपाली साहित्यका प्रत्येक युगका बहिरङ्ग-अन्तरङ्ग पृष्ठभूमि र समयावधि, प्रमुख धारा र उपधाराका प्रतिभा, कृति र प्रवृत्ति

५.५ *सुदूरपश्चिमको नेपाली साहित्यका इतिहासलेखनको स्थिति

४. सहायक/सन्दर्भ पुस्तक

कृष्णप्रसाद पराजुली, *पन्धतारा र नेपाली साहित्य,* साझा प्रकाशन ।

घटराज भट्टराई, *प्रतिभै प्रतिभा र नेपाली साहित्य,* एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. ।

घनश्याम नेपाल, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* एकता प्रकाशन ।

ठाकुरप्रसाद पराजुली, *नेपाली साहित्यको परिक्रमा,* साझा प्रकाशन ।

तारानाथ शर्मा, *नेपाली साहित्यको इतिहास,* नवीन प्रकाशन ।

दयाराम श्रेष्ठ, *प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा,* त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

दयाराम श्रेष्ठ, *साहित्येतिहासको सिद्धान्त : परम्परा र प्रयोग,* पालुवा प्रकाशन ।

दीनानाथ शरण, *नेपाली साहित्य का इतिहास,* विहार हिन्दी ग्रन्थ एकादमी ।

नवीन विलोचन शर्मा, *साहित्य का इतिहास दर्शन,* राष्ट्रभाषा परिषद् ।

बालकृष्ण पोखरेल, *पाँच सय वर्ष,* साझा प्रकाशन ।

बालचन्द्र शर्मा, *नेपाली साहित्यको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बालाकृष्ण अधिकारी, *नेपाली साहित्यको काल विभाजन : ऐतिहासिक विश्लेषण,* विवेक र्जिनशील प्रकाशन ।

माधवप्रसाद पोखरेल (सम्पा.), *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* (ठेली १–५), जगदम्बा प्रकाशन ।

यज्ञराज सत्याल, *नेपाली साहित्यको भूमिका,* रत्न पुस्तक भण्डार ।

लक्ष्मणप्रसाद गौतम, *समकालीन नेपाली कविताका प्रवृत्ति,* पैरवी प्रकाशन ।

वासुदेव त्रिपाठी, *लेखनाथ पौड्यालका कवित्वको विश्लेषण तथा मूल्याङ्कन,* त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र ।

शरद्चन्द्र शर्मा भट्टराई, *नेपाली साहित्यको इतिहास : माध्यमिक काल,* त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

शान्तिराज शर्मा, *नेपाली साहित्यको इतिहासको रूपरेखा : उत्तरआधुनिक,* प्रस्तुति नेपाली साहित्य प्रचार समिति ।

शिव प्रधान, *नेपाली साहित्य : केही गोरेटो केही गल्छेडो,* गान्तोक प्रकाशन ।

सुकुम शर्मा, *नेपाली भाषासाहित्यमा आन्दोलन,* ह्यारिटेज पब्लिसर्स

०००

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : सृजनात्मक लेखन र पाठसम्पादन

पाठ्यांश सङ्ख्या : Nep. 541

पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ४८

सेमेस्टर : चौथो **प्रति पाठघन्टी :** १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पाठ्यांश सृजनात्मक लेखनको सैद्धान्तिक परिचय, यसका प्रक्रिया र चरण, विधागत सृजनात्मक लेखन, पाठसम्पादनको सैद्धान्तिक परिचय, आधारभूत पद्धति, पाठसम्पादनका प्रक्रिया तथा तिनका प्रयोगसम्बन्धी कार्यको अभ्यासमा केन्द्रित छ । यस पाठ्यांशको अध्ययनबाट बी.ए. वा सो सरह उत्तीर्ण गरेर नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूमा सृजनात्मक लेखन र पाठसम्पादनसम्बन्धी ज्ञान र प्रायोगिक क्षमताको विकास हुने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(१) सृजनात्मक लेखको सैद्धान्तिक ज्ञान प्राप्त गरी यसको प्रयोजन र महत्त्व बताउन,
(२) सृजनात्मक लेखनका प्रक्रिया र चरणका बारेमा जानकारी प्राप्त गरी तदनुरूप सृजनात्मक कार्य गर्न,
(३) विधागत सृजनात्मक लेखनका बारेमा ज्ञान प्राप्त गरी कविता, आख्यान, नाटक र निबन्ध सृजना गर्न,
(४) पाठसम्पादनसम्बन्धी सैद्धान्तिक ज्ञान प्राप्त गरी यसका प्रकार र तहबारे बताउन,
(५) पाठसम्पादनका शब्दचयन, वाक्यरचना, अनुच्छेदरचना, सङ्कलन र प्रयोजनपरकताजस्ता आधारभूत पद्धतिका बारेमा बताई तदनुरूप पाठसम्पादन गर्न,
(६) पाठसम्पादनका विभिन्न प्रक्रियाहरूका बारेमा ज्ञान प्राप्त गरी तदनुरूप विभिन्न पाठको सम्पादन गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्य विषय

एकाइ एक : सृजनात्मक लेखनको सैद्धान्तिक परिचय, प्रक्रिया र चरण **पाठघण्टा – १२**

१.१ सृजनात्मक लेखनको परिचय, योजना र महत्त्व

१.२ सृजनात्मकलेखनका कारक (प्रतिभा, व्युत्पत्ति र अभ्यास)

१.३ सामान्य लेखन, बौद्धिक लेखन र सृजनात्मक लेखनमा भिन्नता

१.४ सृजनात्मक लेखनका प्रक्रिया (विधा र विषयको चयन, संरचनात्मक ढाँचा निर्माण, विषयअनुरूप शैलीको निर्माण)

१.५ *लेखनप्रक्रियाका चरणहरू (शीर्षकीकरण, तयारी, योजना, स्फुरण, प्रारम्भ, प्रवाह, विचार र इन्द्रियानुभूतिलाई भाषिक युक्तिसँग संश्लेषण)

एकाइ दुई : विधागत सृजनात्मक लेखन र अन्तिम प्रकार्य **पाठघण्टा – १२**

२.१ कवितासृजना (शीर्षकीकरण, संरचना र लयको निर्धारण, भावस्फुरण र कल्पनाको प्रयोग, चयन, विचलन र समानान्तरताको प्रयोग, बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग)

(सन्दर्भ कविता : लेखनाथ पौड्यालको 'सत्यसन्देश', भूपि शेरचनको 'मैनबत्तीको शिखा' र पारिजातको 'मानुषी', अमर गिरीको 'चटामरी', मोमिलाको 'भीमसेन थापाको सुसाइट नोट' कविता)

२.२ आख्यानसृजना (अवलोकन र पहिचान, घटना, पात्र र परिवेशको निर्धारण, कथानकीय ढाँचाको निर्माण र कथनपद्धतिको प्रयोग, विचारधारा र केन्द्रीय कथ्यको संयोजन, भाषाशैलीको उपयुक्त प्रयोग)

(सन्दर्भ आख्यान- विश्वेश्वरप्रसाद कोइरालाको 'नरेन्द्र दाइ' र विनोदप्रसाद धितालको 'योजनगन्धा' उपन्यास तथा रामलाल जोशीको 'ऐना', महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी', इल्या भट्टराईको 'मेरो नयाँ नाम २१५', अर्चना थापाको 'कठपुतला' कथा) र अमर न्यौपानेको 'सालिक' कथा

२.३ निबन्धसृजना (अवलोकन र पहिचान, शीर्षकीकरण, तार्किक वा अनुभूतिमूलक ढाँचा निर्धारण, आत्मतथ्य र इन्द्रियानुभूतिको संयोजन, अनुच्छेदहरूको अन्विति र भाषाशैलीसँगको संश्लेषण),

(सन्दर्भ निबन्ध- लक्ष्मीप्रसाद देवकोटाको 'फूल', शङ्कर लामिछानेको 'जीवन एक प्राध्यापन', शारदा शर्माको 'अर्थविन्यास' र ज्ञानु अधिकारीको 'के म सफल आमा बन्न सकेँ ?' निबन्ध

२.४ नाटकसृजना (अवलोकन र पहिचान, घटना, पात्र र परिवेशको चयन, द्वन्द्व र संवादको तार्किक संयोजनबाट नाटकीय परिस्थितिको निर्माण, प्रदर्शनात्मक कलापक्षका रूपमा मञ्चीय परिवेश, वेशभूषा, प्रकाश, ध्वनि, अभिनय आदिको संयोजन, भाषाशैलीको अनुकूलित प्रयोग),

(सन्दर्भ नाटक : बालकृष्ण समको 'ध्रुव', भीमनिधि तिवारीको 'घरको माया', मोहनराज शर्माको 'वैकुण्ठ एक्सप्रेस')

२.५ विधागत लेखनको समाप्तिपछिका प्रकार्य (पुनर्लेखन, प्रथम सम्पादन र पुनः सम्पादन, रुजु सूचीको उपयोग र अन्तिम साफी)

२.६ *विभिन्न विधाका कृतिका रचनाको सृजना गर्ने अभ्यास

एकाइ तीन : पाठसम्पादनको सैद्धान्तिक परिचय **पाठघण्टा – ८**

३.१ पाठसम्पादनको अर्थ, परिभाषा, प्रयोजन र महत्त्व

३.२ पाठसम्पादन र मुद्रण (प्रुफ) संशोधनमा भिन्नता

३.३ *पाठसम्पादनका क्षेत्र (पुस्तक, शब्दकोश, पत्रिका, पटकथा र प्रतिवेदन सम्पादन)

३.४ पाठसम्पादनका प्रकार (विषयवस्तु र भाषासम्पादन)

३.५ *पाठसम्पादनका तह (सामान्य, विकासात्मक र रूपभेदी सम्पादन)

३.६ *उपर्युक्त सिद्धान्तमा आधारित भई पुस्तक, पत्रिका, शब्दकोश आदि सम्पादन गर्ने अभ्यास

एकाइ चार : पाठसम्पादनका आधारभूत पद्धति **पाठघण्टा – ८**

४.१ पाठसम्पादनका आधारभूत पक्ष (तथ्यगत वैधता, स्पष्टता र बोधगम्यता, संरचनात्मक व्यवस्थापन र भाषिक शुद्धता)

४.२ शब्दचयन (विधा, विषय, विचार, भाव, संरचना र शैलीको अनुरूपता)

४.३ *वाक्यसंरचना (सामान्य वा व्याकरणिक र विशिष्ट वा आलङ्कारिक)

४.४ *अनुच्छेद गठन (शीर्षवाक्य, क्रमिकता, पूर्वापर सम्बद्धता र पूर्णता)

४.५ सङ्कथन (संसक्ति, सहयोजना, अभिप्राय र अन्तर्पाठात्मकता)

४.६ प्रयोजनपरकता र लेख्यचिन्हको प्रयोग

४.७ *उपर्युक्त पद्धतिअनुसार पाठसम्पादन गर्ने अभ्यास

एकाइ पाँच : पाठसम्पादन प्रक्रिया **पाठघण्टा – ८**

५.१ कृतिको चयन र गहन पठन

५.२ कृतिको प्रारम्भिक सम्पादन, प्रारम्भिक रेखाङ्कन, शब्द, वाक्य, चित्र आदिको सामान्य संशोधन

५.३ विषयवस्तु र पाठविन्यासको सहसम्बन्धको सम्पादन

(क) विषयवस्तु, संरचना, तालिका, आरेख, चित्र, शैली आदिको अनुकूलताको सम्पादन

(ख) लय, छन्द, बिम्ब, प्रतीक, विचलन, कथनपद्धति आदिको औचित्यको सम्पादन

(ग) अनुच्छेदको क्रमिकता, तार्किकता र पूर्णताको सम्पादन

५.४ शीर्षक उपशीर्षकको चयन, पादटिप्पणी, उद्धरण, अनुक्रमणिका, परिशिष्ट र सन्दर्भ सूचीको सम्पादन

५.५ प्रुफ संशोधन (वर्णविन्यास, लेख्यचिन्ह, मुद्रितप्रति र कम्प्युटरबाट (हार्डकपी र सफ्टकपी) प्रुफ संशोधन र त्रुटिको निराकरण

५.६ *प्रकाश्य सामग्री, पी.आर.सी. (प्रेस रेडी कपी) को तयारी

५.७ *छपाइ अवस्थाको सम्पादन (कागजको छनोट, रङ विनियोजन, सूक्ष्म निरीक्षण)

५.८ शैलीपुस्तिकाको प्रयोग र उपर्युक्त विविध पक्षमा केन्द्रित रही प्रायोगिक अभ्यास

(क) सन्दर्भसामग्री (सृजनात्मक लेखनका लागि)

अर्चना थापा, *कठपुतला,* अक्षर क्रिएसन

इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *प्रज्ञा आधुनिक नेपाली कथा - भाग ५,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

कृष्णहरि बराल, *गीत कसरी लेख्ने,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

चूडामणि बन्धु (सम्पा.), *सृजनात्मक लेखन,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

नयनराज पाण्डे, *उलार,* फाइन प्रिन्ट

नेत्र एटम, *सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा,* तन्नेरी प्रकाशन ।

लक्ष्मणप्रसाद गौतम, *लघुकथाको रचनाविधान,* लघुकथा समाज नेपाल ।

लक्ष्मणप्रसाद गौतम, *मुक्तकको रचनाविधान,* नेपाल मुक्तक प्रतिष्ठान ।

लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.), *प्रज्ञा आधुनिक नेपाली कविता,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

मोहनराज शर्मा, *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

राजेन्द्र सुवेदी, *सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण,* पाठ्यसामग्री प्रकाशन ।

लेखनाथ पौड्याल, *लालित्य,* भाग १ र २, साझा प्रकाशन ।

विश्वेश्वरप्रसाद कोइराला, *नरेन्द्र दाइ,* साझा प्रकाशन ।

रामलाल जोशी, *ऐना,* ब्रदर्स बुक्स प्रा.लि. ।

इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *प्रज्ञा आधुनिक नेपाली कथा,* भाग-५, नेपाल प्रज्ञा प्रतिष्ठान ।

लक्ष्मीप्रसाद देवकोटा, *लक्ष्मी निबन्धसङ्ग्रह,* साझा प्रकाशन ।

शङ्कर लामिछाने, *एब्स्ट्रयाक्ट चिन्तन प्याज,* साझा प्रकाशन ।

श्रीओम श्रेष्ठ रोदन (सम्पा.), *समकालीन नेपाली निबन्ध*, भुँडीपुराण प्रकाशन ।

(ख) सन्दर्भसामग्री (पाठसम्पादनका लागि)

राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न वृहत् नेपाली समालोचना*, (भाग १, २ र ३), रत्न पुस्तक भण्डार

वासुदेव त्रिपाठी, *साहित्यसिद्धान्त : शोध तथा सृजनविधि*, पाठ्यसामग्री प्रकाशन ।

शरच्चन्द्र वस्ती, *शैलीपुस्तिका*, गोरखापत्र संस्थान ।

शैलीपुस्तिका, प्रेस काउन्सिल नेपाल ।

हाम्रो भाषा, एकता बुक्स एन्ड डिस्ट्रिव्युटर्स ।

Floyd, K. Baskett and Jack Zanville Sssors, *The Art of Editing*, Macmilan.

Judith Butcher, *Copy-Editing for Editors*, Authros, Publishers, Tsinghun University.

ooo

सुदूरपश्चिम विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
सत्रप्रणालीमा आधारित
एम.ए. नेपालीको पाठ्यक्रम

पाठ्यांश शीर्षक : **भाषासाहित्य शिक्षण र शिक्षणअभ्यास** तह : एम. ए.
पाठ्यांश सङ्ख्या : NEP.543A जम्मा पाठघन्टी : ४८
सेमेस्टर : चौथो
प्रति पाठघन्टी : १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित एम.ए. कार्यक्रमका निम्ति तयार पारिएको हो । यो पाठ्यांश नेपाली भाषा र साहित्य शिक्षण गर्दा आवश्यक पर्ने ज्ञान र सिपको विकास गर्ने उद्देश्यले तयार पारिएको हो । सैद्धान्तिक प्रकृतिको यो पाठ्यक्रम बी. ए. वा सोसरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि एम. ए. कार्यक्रमका लागि तयार पारिएको हो । यसबाट विद्यार्थीहरूमा नेपाली भाषा तथा साहित्यशिक्षणमा देखापरेका नवीन प्रविधिका साथै प्रायोगिक सिपको समेत विकास हुने अपेक्षा गरिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. पहिलो र दोस्रो भाषाशिक्षणका सामान्य सिद्धान्तहरूको चर्चा गर्न,
२. विविधि सन्दर्भमा नेपाली भाषाको भूमिकासम्बन्धी जानकारी दिन,
३. विविध भाषिक सिप र शिक्षणबारे परिचित हुन,
४. नेपाली भाषाशिक्षणका सन्दर्भमा साहित्यशिक्षणको उपयोग र विधाशिक्षणका कार्यकलापहरू गर्न,
५. विभिन्न योजना निर्माण गरी कक्षाकोठामा प्रयोग गर्न सक्षम तुल्याउन ।

३. पाठ्यवस्तु विवरण

पाठ्यविषय

एकाइ एक : भाषाशिक्षणको सैद्धान्तिक परिचय (पाठघन्टी : १०)

१.१. भाषाशिक्षणको परिचय
१.२. पहिलो भाषा सिकाइ र दोस्रो भाषा सिकाइको स्वरूप
१.३. पहिलो भाषा सिकाइ र दोस्रो भाषा सिकाइमा पाइने भिन्नता
१.४. भाषाशिक्षणका सामान्य सिद्धान्तहरू
  (अ) अभ्यास तथा पुनरावृत्ति
  (आ) वैयक्तिक भिन्नता
  (इ) स्तरीयता तथा उपयुक्तता
  (ई) रुचिपूर्णता
  (उ) शिक्षणमा विविधता
  (ऊ) योजनाबद्ध शिक्षण
  (ए) निरन्तर मूल्याङ्कन

एकाइ दुई : विविध सन्दर्भमा नेपाली भाषाशिक्षण (पाठघन्टी : १०)

२.१. विषय र माध्यमका रूपमा पहिलो भाषाको उपयोग
२.२. *शास्त्रीय, राष्ट्रिय/स्थानीय तथा विदेशी भाषाका सापेक्षतामा नेपाली भाषाशिक्षणको अवस्था
२.३. पहिलो तथा दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण
२.४. द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली भाषाशिक्षण
२.५. *सरकारी कामकाजको भाषाका रूपमा नेपाली भाषाशिक्षण

एकाइ तीन : विविध भाषिक सिप शिक्षण (पाठघन्टी : १२)

३.१. सुनाइ शिक्षण

(अ) सुनाइ शिक्षणको आवश्यकता

(आ) सुनाइ शिक्षणका कार्यकलाप

(इ) *सुनाइसम्बन्धी कमजोरीका कारण र निराकरणात्मक उपाय

३.२. बोलाइ शिक्षण

(अ) बोलाइ शिक्षणको आवश्यकता

(आं बोलाइ शिक्षणका कार्यकलाप

(इ) *बोलाइसम्बन्धी कमजोरीका कारण र निराकरणात्मक उपाय

३.३. पढाइ शिक्षण

(अ) पढाइ शिक्षणको आवश्यकता

(आं पढाइ शिक्षणका कार्यकलाप

(इ) *पढाइका प्रकार : सस्वर, मौन, द्रुतपाठ

३.४. लेखाइ शिक्षण

(अ) लेखाइ शिक्षणको आवश्यकता

(आं लेखाइ शिक्षणका कार्यकलाप

(इ) लेखाइका प्रकार : निर्देशित, स्वतन्त्र र सिर्जनात्मक

(ई) *लेखाइमा पाइने कमजोरी र निराकरणका उपाय

एकाइ चार : साहित्यशिक्षण (पाठघन्टी : १२)

४.१. कविताशिक्षण

(अ) कविताशिक्षणको प्रयोजन

(आ) कविताशिक्षणका कार्यकलाप

४.२. कथाशिक्षण

(अ) कथाशिक्षणको प्रयोजन

(आ) कथाशिक्षणका कार्यकलाप

४.३. उपन्यासशिक्षण

(अ) उपन्यास शिक्षणको प्रयोजन

(आ) उपन्यास शिक्षणका कार्यकलाप

४.४. रूपक (नाट्य, एकाङ्की) शिक्षण

(अ) रूपकशिक्षणको प्रयोजन

(आ) रूपकशिक्षणका कार्यकलाप

४.५. निबन्ध शिक्षण

(अ) निबन्धशिक्षणको प्रयोजन

(आ) निबन्धशिक्षणका कार्यकलाप

४.६. साहित्यशास्त्र शिक्षण

(अ) साहित्यशास्त्र शिक्षणको प्रयोजन

(आ) साहित्यशास्त्र शिक्षणका कार्यकलाप

एकाइ पाँच : अध्यापनयोजना (पाठघन्टी : १०)

५.१. अध्यापनयोजनाको महत्व

५.२. निम्नलिखित शैक्षणिक योजनाको परिचय र निर्माण अभ्यास

(अ) कार्ययोजना र एकाइ योजना

(आ) पाठयोजना र व्याख्यान टिपोट

(इ) पाठयोजना र व्याख्यान टिपोटका नमुना

सन्दर्भ तथा सहायक पुस्तक

अधिकारी, हेमाङ्गराज, *नेपाली भाषाशिक्षण*, विद्यार्थी पुस्तक भण्डार ।
अधिकारी, हेमाङ्गराज, *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति*, विद्यार्थी पुस्तक भण्डार ।
ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा ; *नेपाली भाषा र साहित्य शिक्षण*, शुभकामना प्रकाशन ।
शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल ; *नेपाली भाषा र साहित्य शिक्षण*, विद्यार्थी पुस्तक भण्डार ।

सुदूरपश्चिम विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
सत्रप्रणालीमा आधारित
एम.ए. नेपालीको पाठ्यक्रम

पाठ्यांश शीर्षक : **सुदूरपश्चिमको नेपाली साहित्यको विशेष अध्ययन** तह : एम. ए.
पाठ्यांश सङ्ख्या : NEP.543B जम्मा पाठघन्टी : ४८
सेमेस्टर : चौथो
प्रति पाठघन्टी : १ घण्टा

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्रप्रणालीमा आधारित एम.ए. कार्यक्रमका निम्ति तयार पारिएको हो । यस पाठ्यांशमा सुदूरपश्चिमको नेपाली साहित्यका विधा तथा तिनका पाठगत रूपरेखाको अध्ययन गरिनेछ र यसमा सुदूरपश्चिमको साहित्यसँग सम्बद्ध विषयवस्तु समेटिएको छ । यो पाठ्यक्रम बी.ए. वा सोसरह उत्तीर्ण गरेका नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका निम्ति एम. ए. कार्यक्रमका लागि तयार पारिएको हो । यसबाट विद्याथीहरूमा सुदूरपश्चिमको नेपाली साहित्यसम्बन्धी ज्ञान र सुझको विकास हुने अपेक्षा गरिएको छ ।

२. पाठ्यांशको उद्देश्य

प्रस्तुत पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. सुदूपश्चिमको नेपाली साहित्यका विभिन्न विधाका कृतिहरूको विश्लेषण गर्न,
२. सुदूरपश्चिमको साहित्यका विधाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्न,
३. नेपाली साहित्यका सापेक्षमा सुदूरपश्चिमको नेपाली साहित्यको अध्ययनपरम्पराबारे ज्ञान प्राप्त गर्न,
४. सुदूरपश्चिमको समग्र नेपाली साहित्य र साहित्यिक प्रतिभाहरूको पहिचान गर्न ।

३. पाठ्यवस्तुको विवरण

पाठ्यविषय

एकाइ एक : सुदूरपश्चिमको नेपाली कविता, गजल र काव्य (पाठघन्टी : १२)

१.१ सुदूरपश्चिमको नेपाली कविता तथा गजलको विकासप्रक्रिया र वर्तमान स्थिति
१.२ निर्धारित कवि र तिनका कविता
- (अ) टेकराज पन्त : झ्यालचक्र
- (आ) निर्मलकुमार भण्डारी : गन्तव्य र कर्तव्यभित्रको जिन्दगी
- (इ) हेमन्त विवश : हली

१.३ निर्धारित गजलकार र तिनका गजल
- (अ) श्रेष्ठ प्रिया पत्थर : तिम्रो सहर तिमीलाई नै
- (आ) कृष्णसिंह पेला : त्यो दिनको याद गर
- (इ) भुवन निस्तेज : केके दुखेछ

१.४ महाकाव्यकार मनिराज जोशी र *दशरथ चन्द* महाकाव्य
१.५ *सुदूरपश्चिमका कवि र गजलकारको नाम र कृतिगत विवरण
१.६ *कवि आर. डी. प्रभास चटौतको परिचय र योगदान
१.७ *महाकाव्यकार पूर्णानन्द भट्टको परिचय र योगदान

एकाइ दुई : सुदूरपश्चिमको नेपाली आख्यान (पाठघन्टी : १०)

२.१ सुदूरपश्चिमको नेपाली कथाको विकासप्रक्रिया र वर्तमान स्थिति
२.२ सुदूरपश्चिमको नेपाली उपन्यासको विकासप्रक्रिया र वर्तमान स्थिति
२.३ निर्धारित कथाकार र तिनका कथा

(अ) महेशविक्रम शाह : भुइँखाट
(आ) रामलाल जोशी : मुक्ति
(इ) पदमराज जोशी : नामसारी
२.४ निर्धारित उपन्यासकार र उपन्यास
(अ) राज सरगम र छाउघर उपन्यास
(आ) विवेक ओझा र ऐँठन उपन्यास
२.५ *सुदूरपश्चिमका नेपाली कथाकार र उपन्यासकारको विवरण
२.६ *कथाकार लोकेन्द्रबहादुर चन्दको परिचय र योगदान

एकाइ तीन : सुदूरपश्चिमको नेपाली निबन्ध र समालोचना (पाठघन्टी : १०)
३.१ सुदूरपश्चिमको नेपाली निबन्धको विकासप्रक्रिया र वर्तमान स्थिति
३.२ सुदूरपश्चिमको नेपाली समालोचनाको विकासप्रक्रिया र वर्तमान स्थिति
३.३ निर्धारित निबन्धकार र तिनका निबन्ध
(अ) दुर्गाप्रसाद भण्डारी : त्यो धर्ती त्यो आकाश
(आ) आनन्ददेव भट्ट : इमान्दारिता
(इ) नारा जोशी : विद्यार्थी, शिक्षक र अभिभावक
३.४ समालोचक महादेव अवस्थी र उनका समालोचना प्रवृत्ति
३.५ समालोचक जयराज पन्त र उनका समालोचना प्रवृत्ति
३.६ *सुदूरपश्चिमको नेपाली निबन्धकार र समालोचकको नाम र कृतिगत विवरण
३.७ *हास्यव्यङ्ग्यकार निबन्धकार लोकेन्द्रबहादुर चन्द र अन्वेषक देवकान्त पन्तको परिचय र योगदान

एकाइ चार : सुदूरपश्चिमको नेपाली नाटक (पाठघन्टी : ६)
४.१ सुदूरपश्चिमको नेपाली नाटकको विकासप्रक्रिया र वर्तमान स्थिति
४.२ पहमानसिंह स्वाँर र उनको अटलबहादुर नाटक
४.३ सुदूरपश्चिमको नेपाली नाटककारको विवरण
४.४ *नाटककार लोकेन्द्रबहादुर चन्दको परिचय र योगदान

एकाइ पाँच : थारु र राना भाषाको साहित्य (पाठघन्टी : ६)
५.१. थारु भाषाको साहित्यको विकासप्रक्रिया र वर्तमान स्थिति
५.२. राना भाषाको साहित्यको विकासप्रक्रिया र वर्तमान स्थिति
५.३ सुदूरपश्चिमका थारु र राना भाषाका साहित्यकारको विवरण
५.४.*सुदूरपश्चिमको नेपाली साहित्यमा थारु र राना साहित्यको प्रभाव

सन्दर्भ तथा सहायक पुस्तक

आनन्ददेव भट्ट, *केही आत्मपरक निबन्धहरू,* साझा प्रकाशन
कृष्णसिंह पेला, *अञ्जुलीमा सागर,* श्रीकृष्ण गुरुकुल सङ्गीत पाठशाला ।
कृष्णहरि बराल, *गजल सिद्धान्त र परम्परा,* साझा प्रकाशन ।
खगेन्द्रप्रसाद लुइटेल, *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
गोपीकृष्ण शर्मा, *नेपाली निबन्ध परिचय,* रत्न पुस्तक भण्डार
घनश्याम कँडेल, *नेपाली समालोचना,* साझा प्रकाशन
जयराज पन्त, *अँजुलीभरि सगुन पोल्टाभरि फाग,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
टेकराज पन्त, *तिमी बिनाको म,* कमलादेवी पन्त
दुर्गाप्रसाद भण्डारी, *त्यो धर्ती त्यो आकाश,* रैका पब्लिकेसन प्रा. लि. ।
नारा जोशी, *अन्तर्बोध,* ज्योति जोशी भट्ट ।
निर्मलकुमार भण्डारी, *निर्मलमणि* (संयुक्त सङ्ग्रह), कृतिकार स्वयम् ।
पदमराज जोशी 'प्रभात', *नामसारी,* लेखक स्वयम् ।
पहलमानसिँह स्वार, *अटलबहादुर,* सरस्वती साहित्य सदन ।

भुवन 'निस्तेज', *त्रासद मौसम,* समकालीन साहित्य समाज ।
मनिराज जोशी, *दशरथ चन्द,* दशरथ चन्द मेमोरियल ट्रस्ट ।
महादेव अवस्थी, *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्चुअल बुक प्यालेस ।
महादेव अवस्थी, *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,* एकता बुक्स
महेशविक्रम शाह, *भुइँखाट,* फाइन प्रिन्ट बुक्स ।
माधवप्रसाद पोखरेल, (सम्पा.). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (ठेली १, २, ४ र ५).* जगदम्बा प्रकाशन
रामचन्द्र पोखरेल, *नेपाली नाटक : सिद्धान्त र समीक्षा,* विद्यार्थी पुस्तक भण्डार ।
रामचन्द्र पोखरेल (सम्पा.), *नेपाली नाट्यविमर्श,* नेपाली नाट्यप्रतिष्ठान ।
रामलाल जोशी, *ऐना,* बुकहिल प्रकाशन ।
राज सरगम, *छाउघर,* फाइन प्रिन्ट
विवेक ओझा, *ऐँठन,* साङ्ग्रिला बुक्स ।
श्रेष्ठ प्रिया पत्थर, *ओभाएका छैनन् आँखा,* अनाममण्डली ।
हरिशचन्द्र भट्ट, *बझाङी मागलः सिद्धान्त र पाठविश्लेषण,* सुशीला भट्ट ।
हेमन्त विवश, *शैपालको आँगन,* स्कलर्स पब्लिकेसन ।

ooo

सुदूरपश्चिम विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

सत्रप्रणालीमा आधारित

नेपाली एम.ए. को पाठ्यक्रम

पाठ्यांशशीर्षक : शोधपत्र वा सिर्जनापत्र लेखन

पाठ्यांश सङ्ख्या : Nep. 544

पाठ्यांशको प्रकृति : प्रायोगिक

तह : एम.ए. **जम्मा पाठघन्टी :** ९६

सेमेस्टर : चौथो **प्रति पाठघन्टी :** १ घण्टा

(क) शोधपत्र लेखन

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीमा आधारित एम.ए. तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरूले नेपाली भाषा, साहित्य वा लोकसाहित्यसँग सम्बन्धित विभिन्न विषयमा अनुसन्धान गरी शोधपत्र लेख्न सक्ने अपेक्षा राखिएको छ ।

२. पाठ्यांशको उद्देश्य

यस पाठ्यांशको लेखनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(१) शोधविधि र प्रक्रियाको प्रयोग गरी नेपाली भाषा, साहित्य र लोकसाहित्यसँग सम्बद्ध शोधकार्य गर्न,
(२) उपर्युक्त विधाक्षेत्रका कुनै नयाँ विषयमा तथ्यको खोजी, पुरानै सामग्रीको पुनर्शोधन वा पुरानै तथ्यको नयाँ संयोजन, व्याख्या, विश्लेषण र सामान्यीकरण गर्न,
(३) प्राप्त सामग्रीको शोधपरक संयोजन, व्याख्याविश्लेषण र सामान्यीकरण गरी तर्कसङ्गत, क्रमबद्ध, सन्तुलित, सुसङ्गठित, प्रामाणिक तथा स्पष्ट रूपले शुद्ध नेपाली भाषामा शोधपत्र प्रस्तुत गर्न,
(४) शोधशीर्षकको निर्धारण गरी निर्धारित शोधशीर्षकमा केन्द्रित रही शोधपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, सामग्री सङ्कलन, अध्ययनविधि, सैद्धान्तिक आधार र शोधकार्यको रूपरेखासहित शोधप्रस्ताव लेख्न,
(५) शोधका आवश्यक अङ्गको प्रयोग गरी अनुसन्धानमूलक लेख लेख्न वा गोष्ठीपत्र लेख्न,
(६) शोधसमस्यासँग सम्बन्धित रही अवलोकन, सर्वेक्षण एवं प्रश्नावली र अन्तर्वार्ताजस्ता क्षेत्रीय सामग्री सङ्कलनका विधि र उपकरणको प्रयोग गर्न,
(७) शोधनिर्देशकको परामर्शमा निर्धारित रूपरेखाअनुसार शोधकार्यको प्रारम्भिक मस्यौदा लेख्न र परिमार्जन गरी शोधपत्रको विषयवस्तु, प्रस्तुतीकरण र भाषाको संशोधन गर्न र गाताबन्दी गरी विभागमा शोधपत्र बुझाउन,
(८) शोधनिर्देशकको निर्देशनअनुसार आवश्यक परे शोधपत्रको पुनर्लेखन र साफी गर्न ।

३. पाठ्यवस्तु विवरण

पाठ्य विषय

एकाइ एक : शोधक्षेत्रको छनोट तथा प्रारम्भिक सर्वेक्षण र अध्ययन **पाठघण्टा – २०**

१.१ शोधक्षेत्रको छनोट

(क) नेपाली भाषा, साहित्य वा लोकसाहित्यमध्ये कुनै एक क्षेत्रको छनोट

(ख) छनोट गरिएको क्षेत्रभित्रबाट कुनै एक उपयुक्त विषयको चयन

१.२ प्रारम्भिक सर्वेक्षण र अध्ययन

(क) सम्बन्धित क्षेत्रको सम्बद्ध पक्षका तत्काल प्राप्त सामग्रीको प्रारम्भिक विवरणको तयारी

(ख) विवरणअनुसार सङ्कलित सामग्रीको अध्ययन

एकाइ दुई : शोधशीर्षकको निर्धारण, शोधप्रस्ताव र शोधलेख लेखन **पाठघण्टा – २०**

२.१ शोधशीर्षकको निर्धारण : सामग्रीको अध्ययन तथा स्रोतव्यक्ति र विशेषज्ञसँगको परामर्शका आधारमा शोधकार्यका लागि सम्बन्धित विभागको स्वीकृतिमा विद्यार्थीले अहिलेसम्म शोध नभएका विषय, कृति वा शीर्षकमा तीनवटा शोधशीर्षक विभागमा प्रस्तुत गरी विभागबाट उपयुक्त शीर्षक स्वीकृत गराउने

२.२ शोधप्रस्ताव लेखन : सम्बन्धित शीर्षकमा शोधकार्य गर्नका लागि शोधप्रस्तावको तयारी

(क) विषयपरिचय

(ख) समस्याकथन

(ग) शोधप्रश्न

(घ) उद्देश्य

(ङ) पूर्वकार्यको समीक्षा

(च) शोधको औचित्य

(छ) शोधविधि (सामग्री सङ्कलनविधि, विश्लेषणविधि र सैद्धान्तिक ढाँचा)

(ज) शोधकार्यको सीमाङ्कन

(झ) शोधपत्रको सम्भावित रूपरेखा

सन्दर्भसामग्री सूची

२.३ शोधलेख लेखन : विषयपरिचय, अध्ययनविधि (सामग्री सङ्कलन र विश्लेषणविधि), विभिन्न उपशीर्षकमा विश्लेषण, निष्कर्ष, सन्दर्भसामग्रीको विवरणसहित २००० शब्दसम्मको अनुसन्धानमूलक लेखको तयारी)

एकाइ तीन : सामग्री सङ्कलन, सम्पादन र व्यवस्थापन **पाठघण्टा – २०**

३.१ सामग्रीसङ्कलन

(क) पुस्तकालय कार्यबाट सामग्रीको छनोट, अध्ययन र सुव्यवस्थित टिपोट

(ख) क्षेत्रीय कार्यबाट अवलोकन, सर्वेक्षण तथा प्रश्नावली र अन्तर्वार्ताको उपयोग, सामग्री सङ्कलन र टिपोट

३.२ सामग्रीको छनोट र तथ्याङ्कन

३.३ सामग्रीको अध्ययन

एकाइ चार : सामग्रीको विश्लेषण, निष्कर्षण/सामान्यीकरण र शोधपत्रको रूपरेखा **पाठघण्टा – १६**

४.१ सामग्रीको विश्लेषण र बुँदाटिपोट (बुँदाहरूको संयोजन, वर्गीकरण र विश्लेषण)

४.२ निष्कर्षण र सामान्यीकरण (सामान्य निष्कर्ष, परिष्कार र परिमार्जन)

एकाइ पाँच : शोधपत्रको प्रारम्भिक मस्यौदा, परिमार्जन र प्रस्तुति **पाठघण्टा – २०**

५.१ प्रारम्भिक मस्यौदा

(क) निर्धारित रूपरेखाअनुसार शोधकार्यको प्रारम्भिक मस्यौदा लेखन

(ख) शोधनिर्देशकसँग परामर्श गरी शोधपत्रको मस्यौदाको परिमार्जन

५.२ शोधपत्रको अन्तिम लेखन र प्रस्तुति

(क) शोधनिर्देशकका निर्देशनमा रही शोधपत्रको अन्तिम परिमार्जन, शोधपत्रका आवश्यक अङ्गहरू (उद्धरण, तालिका, पादटिप्पणी, परिशिष्ट, सन्दर्भसामग्री आदि) को संयोजन र त्यसको परिमार्जन

(ख) शोधपत्रको टङ्कन र प्रुफ संशोधन तथा विभागमा अबद्ध (गाताबन्दी नगरिएको) शोधपत्रको प्रस्तुति र मौखिक परीक्षापछि आवश्यक भएमा शोधढाँचा र भाषाशुद्धिसम्बन्धी आवश्यक सुधार र शोधपत्रको गाताबन्दीसहित विभागमा शोधपत्रको प्रस्तुति

द्रष्टव्य

१. यस पाठ्यांशअन्तर्गतको शोधकार्य सम्बन्धित विभागद्वारा अनुमोदित शोधशीर्षकअन्तर्गत रही गर्नुपर्नेछ र सबै क्याम्पसका नेपाली विभागले शोधशीर्षक तयार गर्दा केन्द्रीय विभागसँग समन्वय गर्नुपर्नेछ ।

२. चौथो सत्रमा भर्ना भएका विद्यार्थीहरू विभागबाट निर्धारित शुल्क तिरी शोधपत्र लेखनकार्यमा सहभागी हुन सक्नेछन् ।

३. शोधस्वीकृति प्राप्त गरेका प्रत्येक शोधार्थीका निम्ति सम्बन्धित विभागले एक शिक्षकलाई निर्देशकका रूपमा तोक्नेछ र निजका निर्देशनमा रही शोधार्थीले यस पाठ्यांशअन्तर्गत शोधप्रक्रियाका चरणहरूमा निर्धारण भएअनुसार शोधकार्य गर्नुपर्नेछ ।

४. शोधपत्र मानक नेपाली भाषामा शुद्ध रूपमा टङ्कन गरी विभागले तोकेअनुसारका प्रति विभागद्वारा निर्धारित शुल्कसहित मूल्याङ्कनका निम्ति सम्बन्धित विभागमा बुझाउनुपर्नेछ ।

५. विभागले अबद्ध शोधपत्रका विषयविश्लेषण, शोधढाँचा र भाषाशुद्धिको मूल्याङ्कन एवं मौखिक परीक्षा गरी गराई स्वीकृति दिएपछि आवश्यक सुधारसहित गाताबन्दी गरिएको शोधपत्र विभागमा प्रस्तुत गर्नुपर्नेछ ।

६. मूल्याङ्कन प्रक्रिया : शोधपत्रको मूल्याङ्कन कार्य सम्बन्धित विभागले नै गर्नेछ । शोधपत्रको पूर्णाङ्क १०० हुनेछ र यसको वितरण आन्तरिक ४० र बाह्य ६० अङ्कका आधारमा गरिनेछ ।

७. विद्यार्थीले विभागमा शोधशीर्षक दर्ता गरिसकेपछि शोधनिर्देशक तोकिनेछ र निजले शोधपत्र नबुझाउन्जेलसम्मका शोधार्थीका प्राज्ञिक क्रियाकलाप र शोधपत्र लेखनमा निर्देशन गर्नेछन् । विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अङ्कविभाजन निम्नानुसार गरिएको छ :

(क) शोधप्रस्तावलेखन र प्रस्तुति - २०

(ख) शोधलेख लेखन - १०

(ग) शोधनिर्देशकको मूल्याङ्कन - १०

८. शोधार्थीले विभागमा शोधपत्र प्रस्तुत गरेपछि बाह्य मूल्याङ्कनका लागि सम्बन्धित शोधनिर्देशकले एकजना बाह्य परीक्षकबाट शोधपत्रको गोप्य मूल्याङ्कन गराई प्रत्यक्ष मौखिक परीक्षा लिइनेछ । यसको अङ्कविभाजन निम्नानुसार हुनेछ :

(क) बाह्य परीक्षकद्वारा शोधपत्रको मूल्याङ्कन - ४०

(ख) बाह्य परीक्षकद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन - ५

(ग) विभागीय प्रमुखद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन - १५

सन्दर्भसामग्री : पाठ्यांश सङ्ख्या Nep 535 का निम्ति प्रस्तावित सबै सन्दर्भसामग्री

००

(ख) सिर्जनापत्र लेखन

१. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश सुदूरपश्चिम विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर (एम.ए.) तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यो पत्र साहित्यका कविता, आख्यान, नाटक र निबन्ध तथा तिनका उपलब्धिहरूको सृजना र यससँग सम्बद्ध विधागत अङ्ग र संरचनागत वैशिष्ट्यहरूको उपयोगसहित तयार पारिएको सिर्जनात्मक लेखनमा केन्द्रित हुनेछ । यस पाठ्यांशबाट विद्यार्थीहरू विभिन्न विधामा कृति वा रचना सृजना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

२. उद्देश्य

यस पाठ्यांशको लेखनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(१) सिर्जनात्मक लेखनको विधि र प्रक्रियाको प्रयोगात्मक जानकारी प्राप्त गर्न र नेपाली भाषामा सम्बन्धित साहित्यिक विधाका निर्देशित सिर्जनात्मक लेखनको अभ्यास गर्न,
(२) सम्बन्धित विधामा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गर्न र निर्देशित विधागत साहित्य लेखनका प्रक्रियामा आधारित सिर्जनापत्र (विधागत कृति) को रचना गर्न,
(३) सिर्जनात्मक लेखनका निम्ति विधा-उपविधा छनोट गर्न तथा छनोट गरिएका विधा-उपविधाअनुसार विषयक्षेत्रको निर्धारण गर्न र विधा-उपविधा क्षेत्रसँग सम्बद्ध सैद्धान्तिक र प्रमुख सिर्जनात्मक कृतिको विवरण तयार गर्न र तिनको अध्ययन गर्न,
(४) सिर्जनापत्र लेखनका निम्ति छानिएका विधा-उपविधाअनुसार विषयवस्तु र प्रस्तुतिको प्रारम्भिक योजना बनाउन तथा निर्धारित विधा-उपविधाअनुसार सिर्जनापत्रको रूपरेखा निर्माण गर्न र सिर्जनापत्र लेखनका निम्ति प्रस्ताव तयार पार्न,
(५) सिर्जनात्मक लेखनका लागि छानिएको विधा र धाराका कम्तीमा पाँचजना कृतिकार र तिनका छानिएका कम्तीमा पाँचवटा ग्रन्थाकार वा दशवटा फुटकर कृतिहरूको पठन, आस्वादन र अध्ययन गर्न,
(६) सिर्जनापत्र लेखनका निम्ति चयन गरिएको विधा-उपविधाको निर्धारण गर्न र आफूले छानेको विषयवस्तुको गम्भीर अध्ययन र सामान्यीकरण गर्न,
(७) सामान्यीकृत विषयवस्तुका आवश्यक खण्ड, परिच्छेद, भाग वा सर्गलगायतका बाह्यान्तरिक संरचनाको संयोजन र व्यवस्थापन गर्न र सिर्जनात्मक लेखनका निम्ति छानिएका विधाको सैद्धान्तिक जानकारी प्राप्त गर्न,
(८) नेपाली साहित्यमा सम्बद्ध विधाको विकासक्रम, प्रमुख मोड, विधागत अद्यावधिक स्थिति तथा उपलब्धि र कमजोरीको पहिचान गर्न र अध्ययन गरिएका साहित्यिक कृतिहरूको विधागत संरचनाको नमुना विश्लेषण र विषयगत समीक्षा गर्न,
(९) प्रस्तावित सिर्जन योजनाअनुसार कृतिको प्रारम्भिक लेखन गरी निर्देशकको सुझावअनुसार सिर्जित कृतिहरूको परिमार्जन, अन्तिम संशोधन गरी तिनलाई अन्तिम रूप दिन,
(१०) सिर्जनापत्र तयारीको प्रक्रिया पूरा गरी त्यसको टङ्कन, छपाइ शुद्धि र मौखिक परीक्षाका निम्ति विभागमा अबद्ध (गाताबन्दी नगरिएको) प्रस्तुति तथा मौखिक परीक्षाको क्रममा प्राप्त सुझावहरूलाई समावेश गरी अन्तिम रूप दिन र गाता बन्दीसहित सिर्जनापत्र विभागमा प्रस्तुत गर्न ।

४. सिर्जनापत्र लेखनकार्य

एकाइ एक : सिर्जानात्मक कृति लेखनका निम्ति विधा र विषयचयन

१.१ सिर्जनात्मक कृति लेखनका निम्ति विधा-उपविधाको चयन र चयन गरिएका विधा-उपविधाअनुसार विषयक्षेत्रको निर्धारण

१.२ चयन गरिएका विधा-उपविधासँग सम्बद्ध र प्रमुख सिर्जनात्मक कृतिको विवरणको तयारी र विवरणअनुसार विधासिद्धान्त र नमुना सिर्जनात्मक कृतिको अध्ययन

एकाइ दुई : सिर्जनाकृति लेखन, सिर्जना प्रस्ताव लेखन र प्रस्तुति

२.१ सिर्जनात्मक कृति लेखनका निम्ति चयन गरिएको विधा-उपविधा एवं त्यसका निम्ति विषयवस्तु र प्रस्तुतिको प्रारम्भिक योजना

२.२ निर्धारित विधा-उपविधाअनुसार सिर्जनाकृतिको रूपरेखा निर्माण

२.३ चयन गरिएको विधा-उपविधा एवं विषयक्षेत्रमा आधारित भई सिर्जनापत्र लेखनका लागि निम्नानुसार सिर्जना प्रस्तावको तयारी

(क) सिर्जनापत्रको परिचय

(ख) सिर्जनापत्र वा कार्यको उद्देश्य

(ग) सिर्जनाकृति लेखनका निम्ति चयन गरिएको साहित्यिक विधा-उपविधासम्बन्धी आधारभूत सैद्धान्तिक परिचय

(घ) चयन गरिएको साहित्यिक विधा-उपविधासँग सम्बद्ध कृतिहरूको नमुना सर्वेक्षण

(ङ) सिर्जनाकृति लेखनको औचित्य

(च) सिर्जनाकृति लेखनको विधा-उपविधागत धारा, वाद, प्रवृत्ति, विषयवस्तुको स्रोत, संरचना प्रस्तुतिको ढाँचा

(छ) सिर्जनापत्रको रूपरेखा

(ज) सिर्जनापत्र प्रस्ताव लेखनका क्रममा उपयोग गरिएका पुस्तक, पत्रपत्रिका लगायतका सन्दर्भसामग्रीको प्रस्तुति

२.४ सिर्जनापत्र लेखन प्रस्तावसँगै निम्नानुसार सम्बद्ध विधा-उपविधाका आफूले लेखेका पूर्वप्रकाशित एवं अप्रकाशित रचनाहरूको प्रस्तुति

(क) लघु आयामका रचना सिर्जना गर्नका लागि आफूले चयन गरेको विधा-उपविधासँग सम्बद्ध पद्यतर्फ गीत/गजल, मुक्तक/फुटकर कविता तथा गद्यतर्फ कथा, लघुनाटक (एकाङ्की, निबन्ध, संस्मरण जस्ता) आफूले लेखका पाँचवटा रचनाको प्रस्तुति (तीमध्ये कम्तीमा दुईवटा रचना पत्रपत्रिकामा प्रकाशित भइसकेको हुनुपर्ने)

(ख) पद्यतर्फ खण्डकाव्य/लामोकविता, महाकाव्य, गीतिनाटक एवं गद्यतर्फ नाटक (एकाङ्की), उपन्यास, जीवनी, संस्मणजस्ता मझौला र बृहत् आयामका रचना सिर्जना गर्नका लागि सम्बद्ध विधाको प्रकाशित कृति न्यूनतम एउटा वा खण्डकाव्य/लामोकविता तथा महाकाव्यका निम्ति फुटकर कविता, गीतिनाटकका निम्ति गीत, नाटकका निम्ति लघुनाटक (एकाङ्की), उपन्यासका निम्ति कथा र जीवनीका निम्ति निबन्धजस्ता माथि उल्लेख भएबमोजिम प्रकाशित र अप्रकाशित फुटकर रचनाहरूको प्रस्तुति

२.५ सिर्जनापत्र लेखनको प्रस्ताव र निर्धारित सङ्ख्याअनुसार अप्रकाशित कृतिहरू तथा प्रकाशित कृतिहरूका मूल प्रति (पुस्तक/पत्रिका) नै सिर्जनापत्र लिने अनुमतिका लागि विभागद्वारा तोकिएको पूर्वयोग्यताको प्रमाणसहित विभागमा प्रस्तुति

एकाइ तीन : सिर्जनापत्र लेखनका निम्ति विषयवस्तुको व्यवस्थापन

३.१ विषयवस्तुको सङ्कलन र अध्ययन सिर्जनापत्र लेखनका निम्ति चयन गरिएका विधा-उपविधा, विषय क्षेत्रअनुसार राष्ट्रिय-अन्तर्राष्ट्रिय सामाजिक, सांस्कृतिक, धार्मिक, पौराणिक, दार्शनिक (पौरस्त्य र पाश्चात्य), मनोवैज्ञानिक, भौगोलिक, प्राकृतिक आदि जीवनजगत्सँग सम्बद्ध आफूले छानेको विषयवस्तुको सङ्कलन, अध्ययन र सामान्यीकरण

३.२ सामान्यीकरण गरिएको विषयवस्तुलाई लामाछोटा विभिन्न खण्ड, परिच्छेद, भाग, अध्याय, सर्गलगायतका बाह्यान्तरिक संरचनाको परिकल्पना, संयोजन र व्यवस्थापन

एकाइ चार : विधागत सैद्धान्तिक-ऐतिहासिक तथा कृतिको संरचना विश्लेषण

४.१ सिर्जनात्मक लेखनका निम्ति छानिएको सम्बन्धित साहित्यिक विधाको विधागत सैद्धान्तिक अध्ययन र विधागत स्वरूपको पहिचान

४.२ साहित्यका प्रमुख धाराहरूका सन्दर्भमा नेपाली साहित्यमा सो विधाको विकासक्रमका प्रमुख मोड, अद्यावधिक स्थिति, उपलब्धि र कमजोरीको पहिचान

४.३ सिर्जनात्मक लेखनका लागि चयन गरिएको विधाका विभिन्न धाराका कम्तीमा पाँचजना प्रमुख नेपाली कृतिकार र तिनका छानिएका कम्तीमा पाँचवटा ग्रन्थाकार वा दशवटा विशिष्ट फुटकर कृतिहरूको पठन, आस्वादन र अध्ययन,

४.४ छानिएका नेपाली साहित्यिक कृतिहरूको विधागत संरचनाको नमुनाविश्लेषण र विषयगत समीक्षा (यस क्रममा लेखकीय विधागत सबल र दुर्बल पक्षतिर आवश्यक ध्यान दिने)

एकाइ पाँच : सिर्जनात्मक कृतिको प्रारम्भिक लेखन, परमार्जन र अन्तिम रूप तथा प्रस्तुति

५.१ प्रस्तावित सिर्जना योजनाअनुसार कृति वा कृतिहरूको प्राथमिक लेखन

५.२ निर्देशकको रायसुझावअनुसार सिर्जित कृतिहरूको परिमार्जन र साफी लेखन

५.३ कृतिको सिर्जनात्मक टङ्कन र छपाइ शुद्धि तथा सिर्जनापत्रको मौखिक परीक्षाका निम्ति विभागमा अबद्ध (गाताबन्दी नगरिएको) प्रस्तुति

५.४ मौखिक परीक्षापछि आवश्यक भएमा अन्तिम संशोधन, परिमार्जन र गाताबन्दी गरी विभागमा सिर्जनापत्रको प्रस्तुति

द्रष्टव्य

१. सिर्जनात्मक प्रतिभा भएका तथा सिर्जनात्मक लेखनमा पूर्व अभिरुचि र उत्सुकता भएका विद्यार्थीहरूले विभागबाट निर्धारित शुल्क तिरी यो पाठ्यांश लिन सक्नेछन् । सम्बन्धित विधाका पूर्वसिर्जित कृतिका साथै आवश्यकताअनुसार मौखिक परीक्षासमेत लिई विभागले सिर्जनापत्रका लागि स्वीकृति दिन सक्नेछ ।

२. सिर्जनात्मक लेखनका लागि स्वीकृति प्राप्त गरेका विद्यार्थीका निम्ति सम्बन्धित विभागले एक शिक्षकलाई निर्देशकका रूपमा तोक्नेछ र निजका निर्देशनमा रही सिर्जनापत्र लेखकले यस पाठ्यांशमा निर्देश गरिएअनुसार सिर्जनात्मक लेखन कार्य गर्नुपर्नेछ ।

३. विद्यार्थीको सिर्जनाप्रस्ताव र पूर्वप्रकाशित तथा अप्रकाशित निर्धारित नमुना कृतिका साथै आवश्यक परेमा मौखिक अन्तर्वार्तासमेत लिई अभिरुचि र क्षमताको मूल्याङ्कन गरिनेछ ।

४. सिर्जनापत्र मानक नेपाली भाषामा शुद्ध रूपमा टङ्कित गरी विभागले तोकेअनुसारका प्रति विभागद्वारा निर्धारित शुल्कसहित मूल्याङ्कनका निम्ति सम्बन्धित विभागमा बुझाउनुपर्नेछ । विभागले अबद्ध (गाताबन्दी नगरिएको) सिर्जनापत्रको संरचनागत प्रस्तुति एवं भाषाशुद्धिको मूल्याङ्कन तथा मौखिक परीक्षा गराई स्वीकृति दिएपछि अन्तिम परिमार्जन र सुधारसहित गाताबन्दी गरिएका सिर्जनापत्र विभागमा प्रस्तुत गर्नुपर्नेछ ।

५. यस पाठ्यांशअन्तर्गत सिर्जना गरिएको कृतिमा निम्नानुसारका पक्षहरू रहनुपर्नेछ :

(क) सम्बन्धित विधाको परिभाषा, स्वरूप, प्रकार र धाराका सन्दर्भमा सो सिर्जनापत्रको स्वरूप

(ख) नेपाली साहित्यमा सो विधाको सामान्य विकास र वर्तमान स्थितिका सन्दर्भमा आफ्नो सिर्जनापत्रको अवस्था

(ग) सिर्जनापत्रमा गरिएका विषयवस्तुगत र विधागत स्वरूपसम्बन्धी चयनका पृष्ठभूमि र कारण

(घ) आफ्नो सिर्जनात्मक कृतिको धारागत स्वरूप, रचना प्रक्रियाम्बन्धी आफ्नो विश्लेषणात्मक धारणा

(ङ) सिर्जनापत्र विधागत सङ्कलन भएमा गद्य रचनातर्फ न्यूनतम १० वटा र पद्यरचनातर्फ २० वटा हुनुपर्ने र प्रबन्धात्मक कृति भए टाइप गरिएको न्यूनतम ४० पृष्ठको एउटा पूर्ण कृति हुनुपर्नेछ ।

६. मूल्याङ्कन प्रक्रिया : सिर्जनापत्रको मूल्याङ्कन सम्बन्धित विभागले नै गर्नेछ । सिर्जनापत्रको पूर्णाङ्क १०० हुनेछ र यसको वितरण आन्तरिक ४० र बाह्य ६० अङ्कका आधारमा गरिनेछ ।

७. विद्यार्थीले विभागमा सिर्जनापत्रको शीर्षक दर्ता गरिसकेपछि निर्देशक तोकिनेछ र निजले सिर्जनापत्र बुझाउन्जेलसम्मका सिर्जनापत्र लेखकका प्राज्ञिक क्रियाकलाप र सिर्जनापत्र लेखनमा निर्देशन गर्नेछन् । विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अङ्क विभाजन निम्नानुसार गरिएको छ :

(क) सिर्जनापत्रको प्रस्तावलेखन र प्रस्तुति - १०

(ख) विषयगत विस्तृत रूपरेखा निर्माण र प्रस्तुति - १०

(ग) छानिएका कृतिहरूको अध्ययनको प्रतिवेदन तयारी र प्रस्तुति - १०

(घ) सिर्जनापत्र लेखन निर्देशकको मूल्याङ्कन - १०

८. बाह्य मूल्याङ्कन : बाह्य मूल्याङ्कनका लागि विद्यार्थीले विभागमा सिर्जनापत्र प्रस्तुत गरेपछि विभागीय प्रमुखले तोकेबमोजिम एकजना बाह्य परीक्षकबाट सिर्जनापत्रको गोप्य मूल्याङ्कन र मौखिक परीक्षा लिइनेछ । यसका निम्ति निर्धारित ६० अङ्कको विभाजन निम्नानुसार हुनेछ :

(क) बाह्य परीक्षकद्वारा सिर्जनापत्रको मूल्याङ्कन - ४०

(ख) बाह्य परीक्षकद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन - ५

(ग) विभागीय प्रमुखद्वारा मौखिक परीक्षाका आधारमा मूल्याङ्कन - १५

९. यस पाठ्यांशका लागि सन्दर्भसामग्री Nep 541 को (ख) अनुसार हुनेछ ।

०००

एम.ए. नेपालीको पाठ्यक्रमको सत्रगत पत्रको रूपरेखा

प्रथम सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 511	आधुनिक नेपाली कथा	क्रे. आ. ३
Nep. 512	आधुनिक नेपाली फुटकर कविता	क्रे. आ. ३
Nep. 513	लोकसाहित्यको अध्ययन	क्रे. आ. ३
Nep. 514	संस्कृत काव्यशास्त्र	क्रे. आ. ३
Nep. 515	सामान्य भाषाविज्ञान र नेपाली भाषा	क्रे. आ. ३

द्वितीय सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 521	पाश्चात्य साहित्यसिद्धान्त	क्रे. आ. ३
Nep. 522	आधुनिक नेपाली निबन्ध र नेपाली समालोचना	क्रे. आ. ३
Nep. 523	आधुनिक नेपाली उपन्यास	क्रे. आ. ३
Nep. 524	आधुनिक नेपाली नाटक र चलचित्र	क्रे. आ. ३
Nep. 525	आधुनिक नेपाली खण्डकाव्य र लामो कविता	क्रे. आ. ३

तृतीय सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 531	आधुनिक नेपाली महाकाव्य	क्रे. आ. ३
Nep. 532	पाश्चात्य साहित्यका प्रमुख वाद र समालोचना प्रणाली	क्रे. आ. ३
Nep. 533	पौरस्त्य दर्शन र संस्कृत साहित्यको अध्ययन	क्रे. आ. ३
Nep. 534	समाज भाषाविज्ञान र ऐतिहासिक भाषाविज्ञान	क्रे. आ. ३
Nep. 535	शोध तथा प्राज्ञिक लेखन	क्रे. आ. ३

चतुर्थ सत्र (क्रे. आ. १५, पाठघन्टी ४५+३)

Nep. 541	सिर्जनात्मक लेखन र पाठसम्पादन	क्रे. आ. ३
Nep. 542	साहित्येतिहास सिद्धान्त र नेपाली साहित्यको इतिहास लेखन	क्रे. आ. ३
Nep. 543	ऐच्छिक विशिष्ट अध्ययन (तलका मध्ये कुनै एक)	क्रे. आ. ३
Nep. 543 -(क)	भाषासाहित्य शिक्षण र शिक्षण अभ्यास	
Nep. 543 -(ख)	सुदूरपश्चिमको नेपाली साहित्यको विशेष अध्ययन	
	(ग) भाषिक अध्ययन परम्परा र प्रमुख सम्प्रदाय	
	(घ) प्रमुख स्रष्टापरक विशेष अध्ययन (कुनै एक मात्र)	
	अ) नाटककार बालकृष्ण सम	
	आ) महाकवि लक्ष्मीप्रसाद देवकोटा	
	इ) आख्यानकार विश्वेश्वर कोइराला	
	ई) आख्यानकार भवानी भिक्षु	
	उ) नाटककार विजय मल्ल	
	ऋ) आख्यानकार पारिजात	
	ए) उपन्यासकार ध्रुवचन्द्र गौतम	
	ऐ) कथाकार महेशविक्रम शाह	
Nep. 544	शोधपत्र वा सिर्जनापत्र लेखन	क्रे. आ. ६